# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

मिति: २०८२ पौष २०
(४ जनबरी २०२६)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेड (**कम्पनी**) को मिति **२०८२ साल मसिंर २८** गते तद्नुसार **१४ डिसम्बर २०२५**, आईतबारका दिन बिहान १० बजे, **त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौं,** नेपालमा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट**ज्यूको सभापतित्वमा विधिवत सम्पन्न भएको कम्पनीको **५१औं वार्षिक साधारण सभाको कामकारबाहीको विवरण (माइन्यूट)**, कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति **मिति २०८२ साल पौष २०** गते आईतबारका दिन राष्ट्रिय दैनिक **आर्थिक अभियान** मा प्रकाशित गरिएको समेत जानकारी गराउदै कम्पनीको **५१औं वार्षिक साधारण सभाको कामकारबाहीको विवरण (माइन्यूट)** को पूर्णपाठको एक प्रति यसै साथ संलग्न गरी पठाएको ब्यहोरा सादर अनुरोध छ ।

स:धन्यवाद ।

भवदीय,

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :–**

१ **५१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)**

P O Box 3800, Tahachal, Kathmandu, Nepal Telephone : +977-1-4272567, 4273999 Fax : +977-1-4272201, 4272206 E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड, रजिष्टर्ड अफिस ताहाचल, काठमाण्डौ
कम्पनी दर्ता नं. ९६/०३२

# सोल्टी होटल लिमिटेड

## ५१औं वार्षिक साधारण सभाको कामकारबाहीको विवरण (माइन्यूट)

सोल्टी होटल लिमिटेड काठमाण्डौं

१. **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम सोल्टी होटल लिमिटेड (कम्पनी) को ५१औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यू**को सभापतित्वमा निम्न मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय**

**मितिः २०८२ साल मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०२५, आईतबारका दिन । स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौं । समयः बिहान १०.०० बजे ।**

३. **सभाको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी प्रारम्भिक संक्षिप्त सूचना तथा शेयर दाखिल खारेज कार्यका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिका **"आर्थिक राष्ट्रिय दैनिक"** मा २०८२ कार्तिक १६ गते तद्नुसार ०२ नोभेम्बर २०२५ आइतबारका दिन र राष्ट्रिय दैनिक पत्रिका **"आर्थिक अभियान"** मा मिति २०८२ कार्तिक २८ गते तदनुसार १४ नोभेम्बर २०२५ शुक्रवारका दिन प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ५१औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई संक्षिप्त वार्षिक आर्थिक विवरण, सभा सम्बन्धी सूचना प्रकाशित गर्दाको बखत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न सक्ने व्यवस्था भए अनुसार सोल्टी होटल लिमिटेडको आर्थिक वर्ष २०८१/८२ को ५१औं वार्षिक साधारण सभाको सूचना तथा लेखापरीक्षकबाट प्रमाणिकृत सञ्चालकहरुको संक्षिप्त प्रतिवेदन सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सहितको ५१औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा मिति २०८२ कार्तिक २८ गते तदनुसार १४ नोभेम्बर २०२५ शुक्रवारका दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा मिति २०८२ मंसिर ०४ गते तद्नुसार २० नोभेम्बर २०२५ विहिबारका दिन पुनः कम्पनीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन समावेश रहेको QR Code सहितको ५१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीको लागि राष्ट्रिय दैनिकबाट सम्प्रेषण गरिएको थियो ।

साथै, कम्पनीको उपरोक्त ५१औं वार्षिक साधारण सभा सम्बन्धी सबै प्रकाशित सूचनाहरु र आर्थिक वर्ष २०८१/८२ का सबै आर्थिक विवरणहरु कम्पनीको वेवसाईट http:www.soalteehotel.com मा र https://www.nepalstock.com/company मा समेत हेर्न मिल्ने गरी शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि सूचना प्रवाह गरिएको थियो जुन अद्यावधिक उपलब्ध रहेका छन् ।

साथै, शेयरधनीहरुको जानकारीको लागि कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको व्यक्तिगत ईमेल आईडीमा समेत ईमेल गरी संक्षिप्त वार्षिक आर्थिक विवरण, QR Code समावेश रहेको कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत सूचना र ५१औं वार्षिक प्रतिवेदन २०८१/८२ को पूर्णपाठ रहेको विद्युतीय पुस्तक सहितका विवरणहरु समेत सम्प्रेषण गरिएको थियो ।

४. **छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८१/०८२ को **सञ्चालक समितिको वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको **आर्थिक वर्ष २०८१/०८२** को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु,** जसमा २०८२ आषाढ मसान्तको **वासलात** (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब** (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), **नगद प्रवाह विवरण** (नगद प्रवाहको विवरण), **ईक्वीटीमा भएको परिवर्तन**को विवरण तथा **वित्तीय विवरणहरुका टिप्पणीहरू** लगायतका **आर्थिक विवरणहरु** माथि छलफल गरी **पारित गर्ने** ।

३. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम **आर्थिक वर्ष २०८१/०८२** को नाफाबाट कम्पनीका शेयरधनीहरुलाई **लिन मञ्जुर तथा चुक्ता पूँजीको १६.५७८९४७३७%** (अक्षरमा: सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशतका दरले **नगद लाभांश** प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम **आर्थिक वर्ष २०८२/०८३** को लागि कम्पनीको **बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

५. कम्पनीको सञ्चालक समितिमा संगठित संस्थाबाट मनोनित हुनु भएका सञ्चालकहरुको सम्बन्धमा जानकारी लिने, सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका **सर्वसाधारण शेयरधनीहरुबाट तीन जना सञ्चालक**हरुको **निर्वाचन गर्ने** र **स्वतन्त्र सञ्चालक** नियुक्ती अनुमोदन गर्ने ।

(ख) **विशेष प्रस्ताव**

६. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई **१५%** (पन्ध्र) प्रतिशतका दरले **बोनस शेयर** वितरण गर्ने र सोहि अनुसार **लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति** प्रदान गर्ने ।

(ग) **विविध**

७. **विविधः** अध्यक्षको अनुमति अनुसार ।

## ५. उपस्थिति

### १. सञ्चालकहरुको उपस्थितिः

कम्पनीको ५१ औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, **श्री दिनेश बहादुर बिष्ट**, तथा सञ्चालकहरु **श्री अमृत मान श्रेष्ठ, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्री प्रकाश बिक्रम खत्री, श्री निरञ्जन कुमार टिबरेवाला, र श्री शशि राज पाण्डे** ज्यूहरुको उपस्थिति थियो ।

सञ्चालक **श्रीमती जया राज्य लक्ष्मी शाह** स्वास्थ्योपचारको क्रममा भारतको नयाँ दिल्लीमा रहनु भएकोले वहाँले सभामा अनुपस्थितको लागि सभा समक्ष स्वीकृतिको अनुरोध गर्नु भएको सभा समक्ष जानकारी गराउँदा सभाले स्वास्थ्य लाभको कामना सहित वहाँको अनुपस्थितिलाई स्वीकृत गर्‍यो ।

### २. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

कम्पनीको ५१औं वार्षिक साधारण सभामा कम्पनीका उपाध्यक्ष, **श्री सुदर्शन चापागाई,** दी सोल्टी काठमाण्डौंका महाप्रबन्धक **श्री अभिनाश देशमुख,** कम्पनी सचिव **श्री लिल बहादुर खत्री,** वित्त निर्देशक **श्री मुक्तिनाथ श्रेष्ठ,** फ्लाइट सर्विसेजका महाप्रबन्धक - फ्लाइट सर्विसेज, **श्री विवेक टी नाम्बियर,** दी सोल्टी काठमाण्डौंका वित्त प्रबन्धक **श्री संतोष कुमार निरौला,** क्लष्टर निर्देशक सूचना प्रविधि, **श्री निराजन रत्न शाक्य,** बैधानिक लेखापरीक्षक श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट वरिष्ठ साझेदार, सि ए **श्री जितेन्द्र ब.राजभण्डारी,** र सि ए **किरण डंगोल,** कानूनी सल्लाहकारहरु वरिष्ठ अधिवक्ता, **श्री कोमल प्रकाश घिमिरे,** र अधिवक्ता **श्री समीर शर्मा,** निर्वाचन अधिकृत, **वरिष्ठ अधिवक्ता श्री शैल नाथ गौतम** र सहायक निर्वाचन अधिकृत, अधिवक्ता **श्री शिवा गौतम,** शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लि. को तर्फबाट उप-प्रमुख कार्यकारी अधिकृत, **श्री सचिन्द्र ढुंगाना,** र एशूअन्स तथा रजिष्ट्रार इग्ज़ीक्यूटिव, **श्री रेखा पन्त** र एशूअन्स तथा रजिष्ट्रार, **श्री अनिल पंथी** तथा विशेष आमन्त्रित **डा. माधव गिरी** को उपस्थिति थियो ।

### ३. शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | कुल शेयरधनीहरुको सभामा उपस्थिति संख्या | ६७८ |

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल शेयरधनी (शेयर रजिष्टर अनुसारको संख्या) | जम्मा शेयरधनीहरुको उपस्थिति | कुल शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुको उपस्थिति संख्या | १८,२८५ | ६७८ | ३.७१% |

| विवरण | कुल शेयर संख्या (शेयरधनीहरुले ग्रहण गरेको जम्मा शेयर) | जम्मा शेयरधनीहरुको उपस्थितिको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १०,२१,८६,२६९ | ८,७८,७३,८७८ | ८५.९९% |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ५१औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ५१औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या जम्मा ६७८ जना र कुल शेयर संख्याको ८५.९९ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार ५१औं वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

८. **सभाको सभापतित्व र सभा संचालन**

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ५१औं वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउँदै बिहान १०.०० बजे कम्पनीको ५१औं वार्षिक साधारण सभाको काम कार्यवाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ५१औं वार्षिक साधारण सभाको कामकार्यवाही अगाडि बढाउनु भयो ।

९. **अध्यक्षज्यूको मन्तव्य**

कम्पनीको ५१औं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले ५१औं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिनन्दनका साथ अध्यक्षको मन्तव्य प्रकट गर्नुभयो ।

सभापतिज्यूले सोल्टी होटल लिमिटेडले समिक्षा आर्थिक वर्ष २०८१/८२ मा प्रतिस्पर्धात्मक पर्यटन बजार र परिवर्तनशील पर्यटक अतिथिहरुको अपेक्षा बीच सुदृढ कार्यसम्पादन, वित्तीय तथा सञ्चालन कार्यसम्पादन हासिल गरेको उल्लेख गर्नुभयो । नेपालमा पर्यटन आगमनको निरन्तर वृद्धि, अन्तर्राष्ट्रिय यात्रा पुनरुत्थान र अनुभव-मुखी तथा दिगो पर्यटन प्रतिको विश्वव्यापी झुकावले कम्पनीको दीर्घकालीन अभिवृद्धिलाई सकारात्मक आधार प्रदान गर्न सक्नेछ । तीव्र प्रतिस्पर्धा, बदलिँदो पर्यटक अपेक्षा र विश्वव्यापी पर्यटन पुनरुत्थानको परिवेशमा पनि कम्पनीले आफ्नो अग्रणी आतिथ्य ब्रान्डको प्रतिष्ठा मजबुत बनाउँदै वित्तीय तथा सञ्चालन सूचकहरूमा उल्लेखनीय सुधार हासिल गरेको उल्लेख गर्नुभयो ।

कम्पनीको कुल आम्दानी अघिल्लो वर्षको तुलनामा ११.०३% वृद्धि भई आय कर पछिको खुद मुनाफा रु. ६५ करोड नाघेको तथा कोठा अक्युपेन्सी ५६%, औसत कोठा दर र उपलब्ध प्रति कोठा आम्दानीमा निरन्तर सुधार देखिएको उल्लेख गर्नुभयो । चालु आर्थिक वर्षको प्रारम्भिक अवधिमा समेत आम्दानी र प्रमुख सूचकहरूले अभिवृद्धि देखाएको छ भन्नुभयो ।

सोल्टी ब्राण्डलाई अन्तर्राष्ट्रिय मापदण्ड स्तरको चेन होटेलका रूपमा स्थापित गर्ने दीर्घकालीन रणनीति अनुरूप होटेल स्तरोन्नति, पुनर्निर्माण, ब्राण्ड तथा व्यवस्थापन विस्तारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन् ।

शेयरधनी प्रतिफललाई प्राथमिकतामा राख्दै कम्पनीले आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट १६.५७८९४७३७% नगद लाभांश र १५% बोनस शेयर वितरणको सिफारिस गरेको छ, जसले सुदृढ नगद प्रवाह, सन्तुलित पूँजी संरचना र दीर्घकालीन मूल्य सिर्जना प्रतिको प्रतिबद्धता देखाउँछ ।

मितव्ययी लागत व्यवस्थापन, उच्चस्तरीय सेवा, बलियो ब्राण्ड इक्विटी र अनुभवी व्यवस्थापन टोलीको आधारमा सोल्टी होटल नेपालकै अग्रणी लक्जरी आतिथ्य ब्राण्डका रूपमा अझ सुदृढ बनेको उल्लेख गर्नुभयो । पर्यटन उद्योगको दीर्घकालीन सकारात्मक दृष्टिकोण सँगै कम्पनीको विकास मार्ग स्पष्ट, स्थिर र लगानीकर्ताका लागि आकर्षक रहने अवस्था छ ।

कर्मचारी, व्यवस्थापन, सञ्चालक समिति र सरोकारवाला बीचको समन्वय, मितव्ययी खर्च नीति, सेवा गुणस्तर र अतिथि सन्तुष्टिमा केन्द्रित रणनीतिका कारण कम्पनीको भविष्य सकारात्मक, दिगो र आशावादी देखिएको छ भन्नु भयो ।

कम्पनीका कर्मचारीहरुको अद्भुत कार्यदक्षता र कार्यक्षमताको प्रदर्शनका लागि हार्दिक आभार, कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुबाट वार्षिक साधारण सभामा उपस्थित हुनुभई कम्पनीलाई प्रदान गर्नुभएको अमूल्य तथा महत्वपूर्ण सुझाव र सल्लाह तथा कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको विश्वास एवं भरोसा, नैतिक सहयोग र समर्थन प्रति आभार व्यक्त गर्नुहुँदै हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो । स्वदेशी तथा विदेशी पाहुनाहरु, व्यवसाय प्रदान गर्ने ट्राभल एजेन्सीहरु, नेपाल सरकार, नियामक निकायहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरुबाट प्राप्त असिम विश्वास एवं भरोसा प्रति हृदय देखि नै आभार, कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति**

**(क) सामान्य प्रस्तावहरु**

कम्पनीको ५१औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तव्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम सञ्चालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः प्रस्तुत गर्नुभयो ।

१. आर्थिक वर्ष २०८१/०८२ को **सञ्चालक समितिको वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको **आर्थिक वर्ष २०८१/०८२** को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु,** जसमा २०८२ आषाढ मसान्तको **वासलात** (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब** (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), **नगद प्रवाह विवरण** (नगद प्रवाहको विवरण), **ईक्वीटीमा भएको परिवर्तन**को विवरण तथा **वित्तीय विवरणहरुका टिप्पणीहरू** लगायतका **आर्थिक विवरणहरु** माथि छलफल गरी पारित गर्ने ।

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको **आर्थिक वर्ष २०८१/०८२** को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु,** जसमा २०८२ आषाढ मसान्तको **वासलात** (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब** (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), **नगद प्रवाह विवरण** (नगद प्रवाहको विवरण), **ईक्वीटीमा भएको परिवर्तन**को विवरण तथा **वित्तीय विवरणहरुका टिप्पणीहरू** लगायतका **आर्थिक विवरणहरु** उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको ५१औं वार्षिक साधारण सभामा निम्नलिखित शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आफ्नो विचार, मन्तव्य, जिज्ञासा एवं सुझावहरु प्रकट गर्नु भएको थियो ।

| क.स. | वक्ता शेयरधनीको नाम | शेयरधनी नं./ हितग्राही खाता नं. | शेयर संख्या |
|---|---|---|---|
| १ | श्री जगन्नाथ आचार्य | १३०११२००००३०२४५ | १११ |
| २ | श्री भेष राज भण्डारी | १३०१६३०००००८९०३१ | ३०० |
| ३ | श्री ईन्द्र प्रसाद लामिछाने | १३०१४२००००००२८९७ | २४४ |
| ४ | श्री सुदीप श्रेष्ठ | १३०१०६००००००१६६३ | १,००० |
| ५ | श्री बैजुनाथ रौनियार | १३०१२३००००००९३९६ | १,०७८ |
| ६ | श्री बिजय बहादुर श्रेष्ठ | १३०१०४०००००१२७७२ | १०,४८,४०९ |
| ७ | श्री मेजर कुवेर लाल श्रेष्ठ | १३०१०२०००००००३०४ | ९,८५० |
| ८ | श्री ब्यास कुमार शर्मा | १३०१०९००००००६५०४३ | ४७७ |
| ९ | श्री गुण राज भट्ट | १३०११७००००१०६८८१ | १९ |
| १० | श्री ईन्द्र कृष्ण श्रेष्ठ | १३०१०२००००००००७८१ १३०११७००००२८८४२६ | ८९० |
| ११ | श्री कृष्ण प्रसाद अधिकारी | १३०११७०००००१३२१४ | ३० |
| १२ | श्री निरुपमा गुप्ता | १३०११२०००००१४८३५ | २६९१ |
| १३ | श्री दशरथ रिजाल | १३०११७०००००१९०७२१ | १४ |
| १४ | श्री डमरु बल्लभ घिमिरे | १३०११२०००००००२२७० | ३३८ |
| १५ | श्री रोज कुमार श्रेष्ठ | १३०११७००००००२३०१ | ३४१ |
| १६ | श्री जयन्द्र मान सिहं बानियाँ | १३०१०९०००००१४९३१ | ७४९ |
| १७ | श्री ध्रुवराज न्यौपाने | १३०१०९००००००२६३० | ५२ |
| १८ | श्री युगल नारायण बसेल | १३०१३७०००००००१९५३ | १२ |
| १९ | श्री उत्सव सुन्दर श्रेष्ठ | २७७७ | १,१७५ |
| २० | श्री महेन्द्र कुमार श्रेष्ठ | १३०१०६००००१८३९९१ | ५५४ |
| २१ | श्री राम गोपाल महर्जन | १३०१२५००००००४९९१ | ४,८०० |
| २२ | श्री जीवन लाल बज्राचार्य | १३०११२००००५१८७८१ | २,०८२ |
| २३ | श्री डा. शुद्ध एस. रौनियार | ६३८ | १०,४४७ |
| २४ | श्री लक्ष्मण बहादुर श्रेष्ठ | १३०१९४००००००८२९६ | १०० |
| २५ | श्री लवराज जोशी | १३०१३३००००१३०३१/१३०१५२०००१७३६८६१ | १,६५३ |

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्नो मन्तव्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले समग्रमा एकमुष्ठ रुपमा प्रत्युत्तर दिनु भयो ।

## १३. सभाको निर्णय

### (क) सामान्य प्रस्तावहरु

**१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूचि नम्बर (क) सामान्य प्रस्तावको (१) अनुरुप कम्पनीको ५१औं बार्षिक साधारण सभामा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा ५१औं बार्षिक साधारण सभाले सर्वसम्मतिबाट सञ्चालक समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गऱ्यो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, जसमा २०८२ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरुका टिप्पणीहरू लगायतका आर्थिक विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) सामान्य प्रस्तावको (२) बमोजिम कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, जसमा २०८२ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरुका टिप्पणीहरू लगायतका आर्थिक विवरणहरु उपर छलफल पश्चात् स्वीकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले ५१औं बार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. **कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट कम्पनीका शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको १६.५७८९४७३७% (अक्षरमा: सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) सामान्य प्रस्तावको (३) बमोजिम कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूँजीको १६.५७८९४७३७% (अक्षरमा: सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशत का दरले नगद लाभांश प्रदान गर्न गरेको सामान्य प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले ५१औं बार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा ५१औं वार्षिक साधारण सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरी पारित गर्‍यो ।

४. **कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) सामान्य प्रस्तावको (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा आर्थिक बर्ष २०८२/८३ को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले ५१औं बार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम **श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस्,** काठमाण्डौंलाई आर्थिक वर्ष २०८२/८३ का लागि मुल्य अभिबृद्धि कर बाहेक वार्षिक **रु. ५,४४,५००** (रुपैयाँ पाँच लाख चवालिस हजार पाँच सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरि कम्पनीको बैधानिक लेखापरिक्षण र कम्पनीका सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र प्रमाणीकरण तथा सोही आर्थिक बर्ष २०८२/८३ को कर लेखापरीक्षणको लागि मुल्य अभिबृद्धि कर बाहेक वार्षिक **रु. १,२१,०००** (रुपैयाँ एक लाख एक्काइस हजार मात्र) कर लेखापरिक्षण पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरी कम्पनीको बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताबलाई ५१औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

सो प्रस्तावको प्रस्तुती सभाका सभापतिको अनुमतीले लेखापरीक्षण समितिको तर्फबाट सञ्चालक तथा समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो ।

५. **कम्पनीको सञ्चालक समितिमा संगठित संस्थाबाट मनोनित हुनु भएका सञ्चालकहरुको सम्बन्धमा जानकारी लिने, सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका सर्वसाधारण शेयरधनीहरुबाट तीन जना सञ्चालकहरुको निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालक नियुक्ती / अनुमोदन गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) सामान्य प्रस्तावको (५) अनुरुप सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले प्रस्तुत गर्नुभएको प्रस्ताव, कम्पनीको सञ्चालक समितिमा संगठित संस्थाबाट मनोनित हुनु भएका सञ्चालकहरुको सम्बन्धमा तथा सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका सर्वसाधारण शेयरधनीहरुबाट तीन जना सञ्चालकहरुको निर्वाचन र स्वतन्त्र सञ्चालक नियुक्त गर्ने प्रस्तावहरुको सम्बन्धमा यसै प्रस्तावका बाँकी अन्य प्रस्तावहरुमा छलफल तथा निर्णय पश्चात् कम्पनीका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत, वरिष्ठ अधिवक्ता, श्री शैल नाथ गौतमज्यूले जानकारी गराउनु हुनेछ भनि सभामा जानकारी गराउनु भयो ।

तत्पश्चात सभाका सभापती तथा कम्पनीका कार्यकारी अध्यक्षज्यूले कम्पनीको स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको सम्बन्धमा सभा समक्ष सञ्चालक समितिको मिति २०८२ मंसिर १२ गते तदनुसार २८ नोभेम्बर २०२५ मा बसेको सञ्चालक समितिको २६०औं बैठकले कम्पनीको नियमावलीको नियम ४५ बमोजिम कम्पनीको सञ्चालक समितिको संरचनामा नौ (९) जना सञ्चालकहरु रहने व्यवस्था रहेको तथा कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (३) मा सात जना भन्दा बढी सञ्चालक

रहने कम्पनीमा कम्तीमा दुई जना व्यक्तिलाई स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्नेछ भन्ने कानूनी प्रावधान भए बमोजिम सो सम्बन्धमा सञ्चालक समितिमा विस्तृत छलफल तथा विचार विमर्श पश्चात् सर्वसम्मतिबाट दुई जना स्वतन्त्र सञ्चालकमा प्रस्ताव गर्ने निर्णय भए बमोजिम, कम्पनी व्यावस्थापन, वातावरणीय सुरक्षा, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, वातावरणीय पर्यटन व्यवस्थापन र पर्यटन दिगोपन सम्बन्धी क्षेत्रमा १६ वर्ष भन्दा बढी अनुभव हाँसिल गर्नुभएका विज्ञ **डा. माधव गिरी** तथा कम्पनी व्यावस्थापन, वित्त, र बैंकिंग तथा क्रेडिट रेटिंग क्षेत्रमा ३८ वर्ष भन्दा बढीको लामो अनुभव हासिल गर्नुभएका विज्ञ महिला, **श्री वर्षा श्रेष्ठ** लाई स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सामान्य प्रस्ताव उपर सभामा छलफलको लागि ५१औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

सभाका सभापती तथा कम्पनीका कार्यकारी अध्यक्षज्यूले सो प्रस्ताव निर्णयार्थ पेशगर्नु भएकोमा सभामा उपीस्थत शेयरधनीहरुले, दुई जना स्वतन्त्र सञ्चालक आवश्यक छैन र नियुक्ति गर्नु हुदैन भन्दै सभामा उपस्थित हुनु भएका **डा. माधव गिरी** एक जनालाई मात्र स्वतन्त्र सञ्चालक नियुक्त गर्ने निर्णय गर्नुपर्दछ भनी प्रस्तावित विज्ञ महिला श्री वर्षा श्रेष्ठलाई स्वतन्त्र सञ्चालकमा नियुक्त नगर्ने भन्दै सभामा सर्वसाधारण शेयरधनीहरुले आक्रामक रुपमा विरोध जनाई सभाहलमा होहल्ला गरी साधारण सभानै बिथोलिन सक्ने स्थिति उत्पन्न गरेकोले प्रस्तावित श्री वर्षा श्रेष्ठको हकमा सर्वसम्मतीबाट निर्णय हुन नसकेको र साधारण सभामा मतदान गरी बहुमत शेयरधनीहरुको रायबाट निर्णय गर्ने वातावरण समेत नभएको हुँदा प्रस्तावित विज्ञहरु मध्ये डा. माधव गिरीलाई कम्पनीको स्वतन्त्र सञ्चालकमा नियुक्ती गर्ने प्रस्ताव सर्वसम्तीवाट पारित भएको र अर्का विज्ञ **श्री वर्षा श्रेष्ठ** लाई स्वतन्त्र सञ्चालक नियुक्त गर्ने प्रस्ताव पारित हुन नसकेकोले कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (३) तथा कम्पनीको नियमावलीको नियम ४५ बमोजिम कम्पनी को ५१औं वार्षिक साधारण सभाबाट स्वतन्त्र सञ्चालकमा **डा. माधव गिरी** मात्र नियुक्त हुनुभएको निर्णय भए पश्चात् सभाको बाँकी कामकार्यवाही सुचारु भएको थियो ।

तत्पश्चात् सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले संगठित संस्था शेयरधनीहरुबाट मनोनित हुनु भएका सञ्चालकहरुको सम्बन्धमा जानकारि गराउने र सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका सर्वसाधारण शेयरधनीहरुबाट तीन जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कामकारवाहीको लागी निर्वाचन अधिकृत, वरिष्ठ अधिवक्ता, श्री शैल नाथ गौतमज्यूलाई अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृत, वरिष्ठ अधिवक्ता, श्री शैल नाथ गौतमज्यूले कम्पनीको सञ्चालक समितिमा संस्थागत शेयरधनीहरु मध्ये संस्थागत शेयरधनी श्री सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट मनोनित हुनुभएका चार (४) जना सञ्चालकहरुमा (१) श्री दिनेश बहादुर विष्ट, (२) श्री रवि भक्त श्रेष्ठ, (३) श्री राजेश काजि श्रेष्ठ र (४) श्रीमती जया राज्य लक्ष्मी शाह कम्पनीको सञ्चालकमा नियुक्त हुनु भएको र त्यसैगरी संस्थागत शेयरधनी श्री नेपाल वायुसेवा निगमको तर्फबाट मनोनित हुनुभएका एक (१) जना सञ्चालकमा (५) श्री अमृत मान श्रेष्ठ नियुक्त हुनु भई कम्पनीको सञ्चालक समितिमा संस्थागत शेयरधनीहरुको तर्फबाट ५ (पाँच) जना सञ्चालक नियुक्त हुनुभएको व्यहोरा सभामा समक्ष जानकारी गराउनु भयो ।

तत्पश्चात निर्वाचन अधिकृतले सर्वसाधारण शेयरधनीहरुबाट तीन जना सञ्चालकहरुको मतदान प्रक्रियाबाट निर्वाचन सम्पन्न गरी निम्न बमोजिमको निर्वाचन परिणाम सम्बन्धी प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो ।

कम्पनीका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने तीन (३) जना सञ्चालकहरुका लागि शेयरधनीहरु (१) **श्री शशी राज पाण्डे**, डिल्लिबजार, काठमाडौं वडा नं. ३०, हितग्राही नम्बर: १३०१३२००००६०५०३, (२) **श्री निरञ्जन कुमार टिवरेवाला**, ३०३, कमलादी सडक, काठमाडौं, हितग्राही नम्बर: १३०१३२०००००००२८६९ र (३) **श्री प्रकाश विकम खत्री**, जावलाखेल, ल.पु. वडा नं. १३ हितग्राही नम्बर: १३०१०७०००००३४९०३ र (४) **श्री उत्सब सुन्दर श्रेष्ठ,** का.म.न.पा. १३, कालिमाटी, काठमाडौं, संकेत नं. २७७७ गरी जम्मा चार (४) जनाको उम्मेदवारी पेश भई कायम रहन आएकोले निर्वाचन गर्नुपर्ने सञ्चालक संख्या भन्दा बढी संख्यामा उम्मेदवारी कायम रहेको हुदाँ सोल्टी होटल लिमिटेड सञ्चालक निर्वाचन नियमावली, २०५४ बमोजिम मतदान प्रकृयाबाट सञ्चालकहरुको निर्वाचन गर्नुपर्ने भई मतदान कार्य सम्पन्न गरी मतगणना हुँदा निम्निखित उम्मेदवारहरुले निम्नानुसार मत प्राप्त गर्नु भएको जानकारी गराउनु भयो ।

| क्र.सं. | उम्मेदवार | प्राप्त मत |
|---|---|---|
| (१) | श्री प्रकाश विक्रम खत्री | ३,२१,२०,५९६ |
| (२) | श्री शशी राज पाण्डे | २,३८,४८,३२० |
| (३) | श्री निरन्जन कुमार टिवरेवाला | १,६४,९०,६६६ |
| (४) | श्री उत्सब सुन्दर श्रेष्ठ | ४४,२०२ |

जस अनुसार अधिक मत प्राप्त गर्ने तीन जना शेयरधनी उम्मेदवारहरु क्रमश: **(१) श्री प्रकाश विकम खत्री, (२) श्री शशी राज पाण्डे, र (३) श्री निरन्जन कुमार टिवरेवाला,** सोल्टी होटल लिमिटेड सञ्चालक निर्वाचन नियमावली, २०५४ को नियम ४०(२) बमोजिम सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

उपरोक्त बमोजिम, कम्पनीको ५१औं बार्षिक साधारण सभाले ९ (नौ) जना रहेको सञ्चालक समिति गठन गरे पश्चात् कम्पनीको सञ्चालक समितिको संरचना निम्न बमोजिम रहको छ:-

| क्र.स. | सञ्चालक समितिका सदस्यहरुको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री दिनेश बहादुर बिष्ट | धोबिघाट, ललितपुर माहानगरपालिका, वडा नं. ४, ललितपुर | कार्यकारी अध्यक्ष |
| २ | श्री रवि भक्त श्रेष्ठ | किरण भवन, सानेपा, ललितपुर माहानगरपालिका, ललितपुर । | सञ्चालक |
| ३ | श्री राजेश काजि श्रेष्ठ | लाजिम्पाट, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ४ | श्री जया राज्य लक्ष्मी शाह | थापाथली, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ५ | श्री अमृत मान श्रेष्ठ | न्यूरोड, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ६ | श्री शशी राज पाण्डे | डिल्लिबजार, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ७ | श्री निरञ्जन कुमार टिबरेवाला | कमलादी, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ८ | श्री प्रकाश विक्रम खत्री | जावलाखेल, ललितपुर महानगरपालिका, ललितपुर, नेपाल । | सञ्चालक |
| ९ | डा. माधव गिरी | देवचुली-११, नवलपरासी (पूर्व), गण्डकी प्रदेश । | स्वतन्त्र सञ्चालक |

सभाले कम्पनीको नव गठित संचालक समितिका ९ जना सदस्यहरुलाई बधाई ज्ञापन गर्दै हार्दिक स्वागत तथा कार्यकालको पूर्ण सफलताको लागि मंगलमय शुभकामना व्यक्त गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

**६. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १५% (पन्ध्र) प्रतिशत का दरले कम्पनीको बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई वृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

निर्धारित विषय सूची (ख) ६ अनुरुप कम्पनीको सञ्चालक समितिबाट सिफारिस भए बमोजिम कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चूक्ता पूंजीको १५% (पन्ध्र) प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी (Subscribed and Fully Paid up Capital) वृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा, सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १५% (पन्ध्र) प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मञ्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) लाई वृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

साथै, उपरोक्त अनुसार कम्पनीले शेयरधनीहरुलाई बोनस शेयर जारी गर्दा, कम्पनीले विगत देखि निरन्तर रुपमा अपनाउँदै आएको नीति अनुसार ०.५० देखि ०.९९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बाँकी शेयर बराबरको शेयरको अंकित (परल) मुल्य लिई १ कित्ता शेयर साबिक शेयरधनीलाई दिने र ०.१ देखि ०.४९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित (परल) मुल्य बराबरको बाँकी रकम साबिक शेयरधनीलाई नगद फिर्ता दिइने गरी बोनस शेयर वितरण गरिनेछ ।

**(ग) विविध**

**७. विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (७) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

**१४. धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ५१औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई सभामा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नियामक निकायबाट पाल्नु भएका महानुभावहरु, आमन्त्रित कम्पनीका पदाधिकारीज्यूहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

**१५. सभा विसर्जन**

अन्त्यमा, सभामा छलफलको विषय तथा सञ्चालकको निर्वाचन लगायतका ५१औं वार्षिक साधारण सभाको कामकार्यवाही सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले बेलुका ७.४५ बजे कम्पनीको ५१औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची १

**(५१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)**

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु, व्यावस्थापन समुहका पदाधिकारीज्यूहरु, कानूनी सल्लाहकारज्यूहरु, र लेखापरीक्षकज्यूहरु, निर्वाचन अधिकृतज्यू, तथा उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको यस ५१औं वार्षिक साधारण सभामा यहाँ उपस्थिति हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, तथा उपस्थित समस्त महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट अपार स्नेहका साथ हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका समीक्षा आर्थिक वर्षको एकिकृत वार्षिक आर्थिक विवरणहरु, २०८२ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाहको विवरण, तथा शेयर पूँजीमा भएको परिवर्तनको विवरण समावेश रहेको ५१औं वार्षिक प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

कम्पनीको समिक्षा आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्षको **वित्तीय स्थितिको विवरण** तथा कार्यसम्पादन सम्बन्धी **आर्थिक विवरणहरु** यहाँहरुलाई सम्प्रेषण गरी सकेका छौं ।

समिक्षा आर्थिक वर्षमा होटेलले नेपालको अग्रणी आतिथ्य संस्थाको रूपमा आफ्नो प्रतिष्ठालाई शसक्तिकरण र सुदृढ गरि रह्यो । नेपालका पाँचतारे लक्जरी होटेलहरु बीच तिब्र व्यवसायीक प्रतिस्पर्धा र परिवर्तनशील पर्यटक अतिथि पाहुनाहरुको अधिकतम सुविधाहरु प्राप्त गर्ने अपेक्षाहरूका बाबजुद पनि, होटेल, व्यवसाय सञ्चालन प्रतिको उत्कृष्टता, सेवा सुबिधाहरुको गुणस्तर तथा अतिथि पाहुनाहरुको सन्तुष्टिमा केन्द्रित रह्यो ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

समिक्षा आर्थिक वर्ष २०८१/८२ को नेपालको पर्यटन सम्बन्धी उपलब्ध वार्षिक तथ्यांकहरुलाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा समग्रमा पर्यटकहरुको आगमनमा अभिबृद्धि भए संगै आतिथ्य उद्योगमा तीव्र सुधार भईरहेको छ । नेपालको आन्तरिक तथा विदेशी पर्यटक आगमनमा पनि अभिबृद्धि भएको छ । गत वर्ष सन् २०२४ सालमा हवाईमार्गबाट ११ लाख ४७ हजार ५ सय ६७ विदेशी पर्यटकहरूले नेपाल भ्रमण गरेकोमा वर्ष २०२५ को जनवरी देखी नोभेम्बर (समेत) ११ महिनामा नेपाल पर्यटन बोर्डको तथ्याक अनुसार १० लाख ६० हजार २ सय ६६ पर्यटकहरूले नेपाल भ्रमण गरि सकेका छन् ।

पर्यटन उद्योग सांस्कृतिक एकता प्रवर्द्धनका साथै राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भका रूपमा स्थापित भएकोछ । पर्यटनले अन्तर्राष्ट्रिय तहमा मित्रता, सहयोग र समझदारी विस्तार गर्ने साधनका रूपमा कार्य गर्ने गर्दछ । हाल विश्व पर्यटन पुनः सक्रियता तर्फ उन्मुख भइरहेको सन्दर्भमा यस क्षेत्रमा तीव्र पुनरुत्थानका सूचकहरू स्पष्ट रूपमा देखा परिरहेका छन् । बदलिदो परिस्थितिमा नेपाल नवउदित अवसर र परिवेशहरुको अग्रभागमा रही आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सजग रहनु पर्दछ ।

अन्तर्राष्ट्रिय पर्यटन क्षेत्रमा पछिल्ला वर्षहरूमा उल्लेखनीय सुधार देखिएको छ । विकसित देशहरूले लागू गरेका यात्रा प्रतिबन्धहरू क्रमशः सहज र खुकुला बन्दै गएसँगै पर्यटकहरूको आत्मविश्वास पुनः वृद्धि भएको छ, जसको प्रत्यक्ष रूपमा विश्वव्यापी पर्यटक आगमनमा सकारात्मक प्रभाव परेको छ ।

पर्यटनमा आएको अन्तर्राष्ट्रिय सुधारको प्रत्यक्ष लाभ नेपाललाई पनि उल्लेखनीय रूपमा भएको छ । विकसित र विकासशिल राष्ट्रहरु चीन, युरोप, अमेरिका, एशिया तथा भारतबाट आगमन हुने पर्यटकहरूको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण, सांस्कृतिक विविधतायुक्त र आतिथ्यपूर्ण उत्कृष्ट गन्तव्यका रूपमा नेपाल निरन्तर अन्तर्राष्ट्रिय आकर्षणको केन्द्र बनेको छ ।

वर्तमान विश्व पर्यटन रुपान्तरणको चरणमा प्रवेश गरिहेको छ, जहाँ पर्यटकहरू बढी जिम्मेवार, गहन, र वातावरण मैत्री अनुभवहरु खोजि रहेका छन् । प्राकृतिक श्रोत र साधन जोगाउने, स्थानीय समुदायलाई सशक्त बनाउने, र समुदायको सांस्कृतिक पहिचान जोगाइ रहेका गन्तव्यहरूलाई आधुनिक पर्यटकहरूले विशेष अभिरुचिका साथ भ्रमण गर्ने गरेको परिवेश विकशित भई रहेको छ ।

प्रकृतिक सौन्दर्य तथा मनोरम दृश्यावलोकन मात्र होइन, रोमान्चकारी तथा आनन्दायी अनुभवमा सहभागी हुने, स्थानीय संस्कृतिसँग घुलमिल हुने, परम्परागत खानाका परिकारहरुको स्वाद लिने, र साहसिक गतिविधिमा सहभागी हुने प्रवृत्ति पर्यटकहरुमा बढ्दो छ ।

यसै परिवेशमा, विश्वभरका पर्यटक यात्रुहरूले नेपाललाई **'अभूतपूर्व अनुभव'** प्राप्त गर्न सकिने अद्वितीय प्राकृतिक परिदृश्य र गहन सांस्कृतिक धरोहर बोकेका मनमोहक गन्तव्यका रूपमा हेरि रहेका छन् । वर्तमान परिवेशमा नेपाल केवल हिमाल, पहाड, र तराईको विविधता युक्त प्रकृतिको उपहार मात्र नभई अनुभूति, पहिचान र अन्वेषणले भरिपूर्ण जीवन्त यात्रा वृतान्त तथा ओजपुर्ण कथा बनेर उदाउँदै गरेको अद्वितिय गन्तब्य बन्दै गरेको छ ।

पर्यटनका यी रूपान्तरित प्रवृत्तिहरूले नेपाललाई सम्भावनाका अनन्त आयाम बोक्ने, प्रकृति र सांस्कृतिक वैभवको अनुपम संगम भएर उदाएको, समयानुकूल प्रविधिसँग समृद्ध 'डिजिटल-सक्षम पर्यटन गन्तव्य' का रूपमा गौरवपूर्ण रूपमा स्थापित गर्ने तर्फ अग्रसरता प्रदान गरेको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

एसिया प्रशान्त तथा दक्षिण एशियाली क्षेत्रभित्र पर्यटनका आधुनिकतम प्रवृत्तिहरू तीव्र गतिमा उदाउँदै, क्षेत्रीय पर्यटन विकासमा गहिरो प्रभाव पारिरहेका छन् । छिमेकी मुलुकहरू भारत, चीन तथा दक्षिण-पूर्वी एशियामा उदीयमान मध्यम वर्गको विस्तारले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय पर्यटन प्रवाहलाई अभूतपूर्व रूपमा सुदृढता प्रदान गरिरहेको छ । यस क्षेत्रका युवा पुस्ताहरुमा साहसिक पर्यटन प्रतिको आकर्षण निरन्तर बढ्दै गएको छ, भने सांस्कृतिक सम्पदा, परम्परागत कला-संस्कृति, चाडपर्व र ग्रामीण जीवनशैलीको आत्मीय अनुभव लिने चाहना अद्वितीय ढङ्गले तीव्र भएको देखिन्छ । यिनै परिवर्तित रुचि र प्रवृत्तिको केन्द्रमा नेपाल, आफ्नो अद्वितीय भूविविधता, गौरवशाली सांस्कृतिक धरोहर र आत्मीय आतिथ्य संस्कृतिका कारण, क्षेत्रीय प्रतिस्पर्धामा प्रभावशाली गन्तब्यको रूपमा कायम रहेको छ ।

नयाँ विमानस्थलहरूको निर्माण, डिजिटल भिसा प्रणाली, क्रस बोर्डर पर्यटन प्रोत्साहन, सहज यात्रा सुविधाहरू तथा क्षेत्रीय रुपमा अन्तरदेशीय हवाई उडान विस्तारले पर्यटकको भ्रमणलाई अत्यन्त सरल र सहज, पहुँच योग्य र किफायती बनाउँदै पर्यटन क्षेत्रलाई नयाँ युगतर्फ अग्रसर गर्दै शक्ति प्रदान गरिरहेका छन् ।

विश्व, क्षेत्रीय तथा आन्तरिक पर्यटनको बदलिँदो परिवेश सँगै नेपालमा पर्यटनका प्रवृत्तिहरु उत्साहजनक र आशादायी रुपमा अघि बढिरहेका छन् । अन्तर्राष्ट्रिय पर्यटक आगमनको वृद्धि, हवाई पहुँचको विस्तार, डिजिटल प्रवर्द्धन तथा बहुआयामिक प्रचार प्रसारले नेपालको पर्यटन क्षेत्रलाई पुनर्जीवित र ऊर्जाशील बनाएको छ ।

दिगो पर्यटन अभ्यासहरू सुदृढ गर्ने, डिजिटल प्रविधिको अपनत्व बढाउने, पाककला, वन्यजन्तु, ग्रामीण कृषि पर्यटन तथा बैठक, प्रोत्साहन, सम्मेलन, प्रीतिभोज जस्ता नयाँ पर्यटकीय उत्पादहरूको विकास गर्ने र विश्वस्तरीय आतिथ्य सेवा तालिम विस्तार गर्ने कार्यहरूबाट नेपालको पर्यटन प्रतिस्पर्धात्मकतामा उल्लेख्य रुपमा विकास हुने अपेक्षा गरिएको छ । नेपाललाई सुरक्षित, स्वागतशील, मौलिक र दिगो पर्यटन गन्तव्यका रुपमा वैश्विक पहिचान बनाउन निरन्तर र रणनीतिक ब्रान्डिङ आज अत्यन्तै आवश्यक भएको छ ।

नेपालले पर्यटनमा दिगोपना, समावेशी समुदाय आधारित विकास, डिजिटलीकरण, प्रभावकारी ब्रान्डिङ र हिमालय एड्भेन्चर क्षेत्रको पुर्नसंरचनालाई केन्द्रमा राखी नयाँ पर्यटन नीति २०८२ तर्जुमा गरेको छ । अन्तर्राष्ट्रिय दिगो पर्यटन साझेदारी परियोजना तथा नयाँ गन्तव्य विकास र प्रवर्द्धन कार्यक्रम अघि बढेका छन् । गुणस्तरीय होटल, रिसोर्ट र विविध पर्यटन सुविधाहरूमा बढ्दो लगानी प्रवाह भए सँगै पर्यटन आतिथ्य पूर्वाधारहरू क्रमशः सुदृढ हुँदैछन् ।

नेपालको पर्यटन उद्योग क्षेत्रको भविष्य समुज्वल छ । विश्व पुनः पर्यटन यात्रा, अन्वेषण र अनुभूतिको आर्कषण सहित उदाउँदै छ । नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, आध्यात्मिक गहनता र नेपाली आतिथ्यको आत्मीयता सहित पर्यटकको मन मस्तिष्क दुवै छुने अद्वितीय र अनुपम गन्तव्यका रुपमा विकसित हुदैछ । पर्यटन र आतिथ्य क्षेत्रलाई दिगो, समृद्ध र विश्व प्रशंसित बनाउने राष्ट्रिय यात्रामा पर्यटन तथा आतिथ्य क्षेत्रसंग सम्बन्धीत सबै हिताधिकारी दृढ प्रतिबद्धता सहित अघि बढिरहेका छन् ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको समिक्षा आर्थिक वर्षको कार्यसम्पादन सम्बन्धी आर्थिक विवरण अनुसार, प्रमुख सञ्चालन सूचकाङ्कहरूले निरन्तर प्रगति र अभिवृद्धि देखाएका छन् । आर्थिक वर्ष २०८१/८२ मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ११.०३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको कूल आम्दानी २ अर्ब ४९ करोड ८४ लाख रुपैयाँ को तुलनामा समिक्षा आर्थिक वर्षमा २ अर्ब ७७ करोड ३९ लाख रुपैयाँ पुगेको छ । कम्पनीले अघिल्लो आर्थिक वर्षको कर पश्चातको खुद मुनाफा ६० करोड रुपैयाँ गरेकोमा समिक्षा आर्थिक वर्षमा ६५ करोड ३३ लाख रुपैयाँ मुनाफा आर्जन गरेको छ ।

समिक्षा आर्थिक वर्षमा कोठा अक्यूपेन्सी ५६.३१ प्रतिशत, प्रति कोठा औसत मूल्य दर ९ हजार ९ सय ८९ रुपैंयाँ र उपलब्ध प्रति कोठा आम्दानी ५ हजार ६ सय २५ रुपैंयाँ रहेको थियो । यसबाट कम्पनीको वित्तीय स्थिरता र दिगो अभिवृद्धिको स्पष्ट संकेत परिलक्षित हुन्छ ।

चालु आर्थिक वर्षको ३० नोभेम्बर २०२५ सम्मको अवधीमा होटेलले गत आर्थिक वर्षको सोही अवधिमा कुल आम्दानी लगभग ९८ करोड ३८ लाख रुपैंयाँ को तुलनामा लगभग **१०४ करोड २९ लाख रुपैंयाँ** कुल आम्दानी गरेको छ । सोही अवधिमा कोठा अक्यूपेन्सी **५८.३४ प्रतिशत**, प्रति कोठा औसत मूल्य दर **९ हजार ३ सय ४ रुपैंयाँ** र उपलब्ध प्रति कोठा आम्दानी **५ हजार ४ सय २८ रुपैंयाँ** रहेको छ ।

चालु आर्थिक वर्षका लागि हामी पूर्ण आशावादी छौं । अपेक्षित पर्यटक आगमनको वृद्धि, सेवामा निरन्तर सुधार र अतिथिसँगको प्रभावकारी सम्बन्धले हाम्रो सफलता अझ सुदृढ बनाउनेछ । हाम्रो रणनीति आधुनिकता, नवीनतम प्रविधिको प्रयोग, सञ्चालन दक्षता र उत्कृष्ट सेवा प्रवाह मार्फत आम्दानीको दिगो अभिवृद्धिमा केन्द्रित रहनेछ ।

कम्पनीले यस वर्ष गत आर्थिक वर्ष २०८०/८१ को पर्यटन व्यवसाय गर्ने मध्ये सबै भन्दा बढी आयकर दाखिला गर्ने कम्पनीको रुपमा सम्मानपत्र प्राप्त गरी सम्मानित भएको कुरा यहाँहरु समक्ष सगौरब उल्लेख गर्न पाउँदा अत्यन्त हर्षित तथा गौरवान्वित भएका छौं ।

सञ्चालक समिति र व्यवस्थापन समूहको उत्कृष्ट समन्वय, कार्यकुशलता, व्यावसायिक क्षमता तथा सर्तकता, कर्मचारी र संगठनहरूको पूर्ण सहयोग, र कर्मचारीहरूको कार्यप्रतिको प्रतिबद्धताले कम्पनीले मुनाफा आर्जन गर्न सफल भएको सभा समक्ष जानकारी गराउन पाउँदा हामी अत्यन्त हर्षित छौं ।

कम्पनीले होटेल सञ्चालन खर्चमा कडाइका साथ मितव्ययिता अपनाइरहेको छ र यसलाई निरन्तर जारी राखिने छ । मासिक व्यवस्थापन र खर्च विश्लेषण मार्फत अनावश्यक खर्च पूर्ण रूपमा नियन्त्रण गर्ने रणनीति प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको छ । सञ्चालक समिति व्यवसायिक तथा वित्तीय विश्लेषणमा सक्रिय रहँदै, व्यवस्थापनसँग नियमित परामर्श र समन्वय गरेर कम्पनीको सञ्चालनलाई अझ सक्षम, संयमित र परिणाममुखी बनाइरहेको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु**

कम्पनीको सोल्टी ब्रान्डलाई देशकै पहिलो अन्तर्राष्ट्रिय चेन होटेलको रूपमा विकसित गर्ने हाम्रो परिकल्पनालाई यथार्थमा रूपान्तरण गर्न हामी पूर्ण समर्पण र प्रतिबद्धताका साथ अघि बढिरहेका छौं । तीव्र प्रतिस्पर्धालाई अवसरमा बदल्ने क्षमता हामीसँग छ, र भविष्यमा अझ उच्च कार्यकुशलता, दृढ आत्मविश्वास र समग्र क्षमताको पूर्ण प्रयोगमार्फत यस लक्ष्यलाई सफलतापूर्वक हासिल गर्ने हाम्रो संकल्प अटल छ । वर्तमान अवस्थामा **सोल्टी होटेल एण्ड रिसोर्टस्** ब्रान्ड नेपालको अन्तर्राष्ट्रिय स्तरका मापदण्ड पूरा गर्ने चेन होटेलका रूपमा विश्वसनीय र प्रतिष्ठित ब्रान्डको रूपमा स्थापित भइसकेको छ ।

काठमाडौं उपत्यकामा पाँचतारे लक्जरी, पाँचतारे, लक्जरी हेरिटेज बुटिक, र चारतारे होटेल तथा रिसोर्टस्हरू बीच तीव्र व्यावसायिक प्रतिस्पर्धा बढ्दो छ । अन्तर्राष्ट्रिय चेन व्यवस्थापन अन्तर्गत सञ्चालित नयाँ तथा विद्यमान होटलहरू बीच बढेको तिब्र प्रतिस्पर्धाले पर्यटन बजार अत्यधिक आतिथ्य चुनौतीपूर्ण बनेको छ । फलस्वरूप, पाँचतारे लक्जरी, पाँचतारे तथा हेरिटेज बुटिक होटेलहरूको प्रभावकारी व्यवस्थापन र कार्यसम्पादन अत्यन्त चुनौतीपूर्ण भई रहेकोछ ।

कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प प्राइभेट लिमिटेड मार्फत भोटेकोशी पावर कम्पनी प्राइभेट लिमिटेडमा गरेको लगानीबाट समिक्षा आर्थिक वर्षमा करिब ८६ लाख रुपैयाँ नगद लाभांश प्राप्त गरेको छ ।

कम्पनीको पूर्ण स्वामित्व रहेको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडले नेपाली लगानीकर्तासँग सहकार्य गर्दै स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडमा रणनीतिक लगानी गरेको छ । उक्त कम्पनीले सोल्टी ब्रान्ड र ट्रेडमार्क अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेन होटेलहरूको व्यवस्थापन र संचालन उच्च व्यावसायिक दक्षता सहित निरन्तर गर्दै आएको छ ।

होटेलमा बस्ने अतिथिहरूलाई अतुलनीय अनुभव प्रदान गर्ने रणनीतिक लक्ष्य अनुसार, होटेलले लक्जरी आतिथ्य क्षेत्रमा आफ्नो स्थापित अग्रस्थानलाई थप सुदृढ बनाउन व्यापक पुनर्निर्माण तथा स्तरोन्नति परियोजनाहरूलाई निरन्तर कार्यान्वयन गरिरहेको छ । यी परियोजनाहरूले आरामदायी सुविधा र उत्कृष्ट सेवाका उच्चतम मापदण्ड कायम राख्ने कम्पनीको दृढ प्रतिबद्धतालाई स्पष्ट रूपमा प्रतिविम्बित गर्छन् ।

चालु आर्थिक वर्षमा होटेलको प्रिन्सेप विङ भवनको स्तरोन्नति तथा पुनर्निर्माण सम्बन्धी परियोजना शुरु गरिनेछ जसले होटेलका लक्जरी र आरामदायी मापदण्डहरुलाई पुर्नपरिभाषित गर्ने छन् । यस अन्तर्गत, पहिलो तला बाहेक प्रिन्सेप विङका सबै अतिथि कक्षहरूको क्षेत्रफल विस्तार गर्दै तिनलाई अन्तर्राष्ट्रिय लक्जरी डिलक्स स्तर अनुरूप आधुनिक रूपमा पुनर्निर्माण गरिनेछ । अत्याधुनिक डिजाइन, प्रविधि, खुलापन र सौन्दर्ययुक्त संरचना सहित उत्कृष्ट, आरामदायी तथा उच्चस्तरीय अतिथि अनुभूति प्रदान गर्ने लक्ष्य सहित कोठाहरूलाई पूर्ण रूपमा रूपान्तरण गरिनेछ ।

कम्पनीको सञ्चालक समितिले आर्थिक वर्ष २०८१/८२ मा प्राप्त खुद मुनाफाको आधारमा कम्पनीको पूर्ण चुक्ता शेयर पूँजीको **१६.५९% का दरले नगद लाभांश** वितरण गर्न र कम्पनीको पूर्ण चुक्ता शेयर पूँजीको **१५% बोनश शेयर** जारी गर्न सिफारिस गरेको छ।

सञ्चालक समितिले अधिकतम शेयरधनीहरूको आकाङ्क्षालाई ध्यानमा राख्दै, गत वर्षको १०% बोनस शेयर प्रदान गरिएको तुलनामा यस वर्ष १५% बोनस शेयर जारी गर्न सिफारिस गरेको सहर्ष जानकारी गराउँदछु।

कम्पनीको ५१औं वार्षिक साधारण सभाको समापन सँगै वर्तमान सञ्चालक समितिको चार वर्षे कार्यकाल सफलतापूर्वक समाप्त हुँदैछ। यो कार्यकाल कम्पनीका लागि उपलब्धिपूर्ण, परिवर्तनकारी र रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण रह्यो। कम्पनीलाई स्पष्ट दिशानिर्देशन, नीतिगत मार्गदर्शन, सल्लाह, सुझाव, समर्थन तथा निरन्तर सक्रिय सहयोग प्रदान गरी समृद्ध भविष्यतर्फ उन्मुख गराउन उल्लेखनीय योगदान दिनुहुने आदरणीय शेयरधनी महानुभावहरु, व्यावस्थापन समुह, तथा समर्पित कर्मचारीहरु प्रति म व्यक्तिगत रुपमा र सञ्चालक समितिको तर्फबाट हृदयदेखि हार्दिक सराहना तथा आभार व्यक्त गर्दछु।

कम्पनीको व्यवस्थापन, कर्मचारी र कर्मचारी संगठन बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउँदछौं। कर्मचारीहरूको सकारात्मक दृष्टिकोण, कम्पनी प्रतिको निष्ठा र स्वतःस्फुर्त उत्तरदायित्वले कम्पनीको कार्य सम्पादनलाई उच्च बनाइरहेको छ। यस प्रकारको सहयोग र सौहार्दले कम्पनीको भविष्य निर्माणमा थप ऊर्जा, हौसला र प्रोत्साहन प्रदान गर्ने निश्चित छ।

**आदरणीय शेयरधनी महानुभावहरु**

कम्पनीलाई आइपर्ने कुनै पनि चुनौतीको बेला सञ्चालक समिति, कर्मचारी, कर्मचारी संगठन र उच्च व्यवस्थापन समूहले एक ढिक्का भएर समाधानमा सक्रिय सहभागी हुनु हाम्रो विशिष्टता हो, जुन संगठित संस्थाको सफलताको प्रमुख आधार पनी हो। यस अवसरमा, अद्भुत कार्यक्षमता र प्रतिबद्धताको लागि हाम्रो स्नेही कर्मचारी, कर्मचारी संगठन, उच्च व्यवस्थापनका पदाधिकारी र सञ्चालक समितिका सदस्यज्यूहरू सबैमा म हार्दिक आभार, कृतज्ञता र हृदयदेखि धन्यवाद व्यक्त गर्दछु।

आदरणीय शेयरधनी महानुभावहरू, हरेक वार्षिक साधारण सभामा अधिकतम उपस्थित भई कम्पनीलाई प्रदान गर्नु भएको अमूल्य सुझाव, सल्लाह र सञ्चालक समिति तथा व्यवस्थापनमा देखाउनुभएको असिम विश्वास, भरोसा, नैतिक सहयोग र समर्थनका लागि मेरो तर्फबाट र सञ्चालक समितिको तर्फबाट हृदयदेखि हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

कम्पनीको व्यावसायिक कार्यसम्पादनमा निरन्तर सहयोग र समर्थन प्रदान गरिरहनु भएका हाम्रो देवतुल्य आन्तरिक तथा अन्तर्राष्ट्रिय अतिथि पाहुनाहरूलाई हार्दिक सम्मान र कृतज्ञता व्यक्त गर्दछु। त्यस्तै, पर्यटक अतिथि उपलब्ध गराउन सहयोग गर्ने ट्राभल एजेन्सीहरू, अनलाइन बुकरहरू, एयरलाइन्स कम्पनीहरू, स्तरोन्नती परियोजना परामर्शदाता तथा निर्माणकर्ता, आपूर्तिकर्ता, वित्तीय क्षेत्रबाट सहयोग प्रदान गर्नुहुने बैंक तथा वित्तीय संस्थाहरू, कानुनी सल्लाहकारहरु, अन्य परामर्शदाता, कम्पनीका शेयर रजिष्ट्रार एन आई एम बी एस क्यापिटल लिमिटेड, तथा सबै सेवा प्रदायक संस्था प्रति सञ्चालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट नेपाल सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय तथा उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नागरिक उड्डयन प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ कम्पनी लिमिटेड, काठमाडौं महानगरपालिका, स्थानीय निकाय, सरकारी संस्थान तथा अन्य सरकारी नियामक संस्थाहरूले प्रदान गर्दै आएको सहयोग र मार्गदर्शन प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, समर्पित सेवामार्फत कम्पनीलाई निरन्तर उचाइमा पुऱ्याइरहनु भएका सम्पूर्ण कर्मचारीहरू प्रति पुनः गहिरो कृतज्ञता प्रकट गर्दछु।

हार्दिक धन्यवाद !

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची २

(५१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित २५ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेको छ :–

| क.स. | वक्ता शेयरधनीको नाम | शेयरधनी नं./ हितग्राही खाता नं. | धारण गरेको शेयर |
|---|---|---|---|
| १ | श्री जगन्नाथ आचार्य | १३०११२००००३०२४५ | १११ |
| २ | श्री भेषराज भण्डारी | १३०१६३००००८९०३१ | ३०० |
| ३ | श्री ईन्द्र प्रसाद लामिछाने | १३०१४२००००००२८९७ | २४४ |
| ४ | श्री सुदीप श्रेष्ठ | १३०१०६०००००१६६३ | १,००० |
| ५ | श्री बैज्यु नाथ रौनियार | १३०१२३००००००९३९६ | १,०७८ |
| ६ | श्री बिजय बहादुर श्रेष्ठ | १३०१०४०००००१२७७२ | १०,४८,४०९ |
| ७ | श्री मेजर कुवेर लाल श्रेष्ठ | १३०१०२०००००००३०४ | ९,८५० |
| ८ | श्री ब्यास कुमार शर्मा | १३०१०९०००००६५०४३ | ४७७ |
| ९ | श्री गुण राज भट्ट | १३०११७००००१०६८८१ | १९ |
| १० | श्री ईन्द्र कृष्ण श्रेष्ठ | १३०१०२००००००००७८१ / १३०११७००००२८८४२६ | ८९० |
| ११ | श्री कृष्ण प्रसाद अधिकारी | १३०११७०००००१३२१४ | ३० |
| १२ | श्री निरुपमा गुप्ता | १३०११२०००००१४८३५ | २६९१ |
| १३ | श्री दशरथ रिजाल | १३०११७००००१९०७२१ | १४ |
| १४ | श्री डमरुबल्लभ घिमिरे | १३०११२००००००२२७० | ३३८ |
| १५ | श्री रोज कुमार श्रेष्ठ | १३०११७००००००२३०१ | ३४१ |
| १६ | श्री जयन्द्र मान सिंह बानियाँ | १३०१०९०००००१४९३१ | ७४९ |
| १७ | श्री ध्रुवराज न्यौपाने | १३०१०९००००००२६३० | ५२ |
| १८ | श्री युगल नारायण बसेल | १३०१३७००००००१९५३ | १२ |
| १९ | श्री उत्सव सुन्दर श्रेष्ठ | २७७७ | १,१७५ |
| २० | श्री महेन्द्र कुमार श्रेष्ठ | १३०१०६००००१८३९९१ | ५५४ |
| २१ | श्री जीवन लाल बज्राचार्य | १३०११२००००५१८७८१ | २,०८२, |
| २२ | श्री डा. शुद्ध एस. रौनियार | ६३८ | १०,४४७ |
| २३ | श्री लब राज जोशी | १३०१३३०००००१३०३१/१३०१५२०००१७३६८६१ | १,६५३ |
| २४ | श्री राम गोपाल महर्जन | १३०१२५००००००४९९१ | ४,८०० |
| २५ | श्री लक्ष्मण बहादुर श्रेष्ठ | १३०१९४००००००८२९६ | १०० |

**छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण**

छलफलको क्रममा सहभागी वक्ता शेयरधनी महानुभावहरुले निम्नलिखित मन्तव्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१. **श्री जगन्नाथ आचार्य**

- ५१औं वार्षिक साधारण सभामा बोल्ने सुअवसर दिनुभएकोमा धन्यवाद,
- १५% बोनस शेयर सहित कुल ३१.५८% १५% को आकर्षक लाभांश प्रस्ताव गरिएकोमा खुसी व्यक्त,
- नगद लाभांश, साधारण सभा समाप्त भए लगत्तै आजै शेयरधनीको खातामा पठाउन सुझाव,
- गत वर्षको तुलनामा कम्पनीको कारोबार र प्रगति सन्तोषजनक रहेकोमा प्रशंसा,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम आकास्मिक कार्यहरु तथा बिरामीहरूको उद्धारमा खर्च गर्न सुझाव,
- होटेलको सुरक्षा व्यवस्था सुदृढ बनाउन र भरपर्दो बीमा कम्पनीसँग बिमाको लागि सहकार्य गर्न सुझाव,
- पर्यटन क्षेत्रको क्षमता अनुसार पर्यटक भित्र्याउन विशेष पहल र थप लगानीमा जोड दिनुपर्ने,
- सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको चयन निर्वाचन भन्दा आपसी सहमतिमा गर्न सुझाव,
- सञ्चालक श्रीमती जया राज्य लक्ष्मी शाहज्यूको शीघ्र स्वास्थ्य लाभको कामना,
- संस्थागत सुशासन कायम-राख्दै कर्मचारीको मनोबल र तालिममा विशेष ध्यान दिन सुझाव,
- खर्च न्यूनीकरणका लागि आगामी साधारण सभा आफ्नै होटल परिसरमा आयोजना गर्न सुझाव,
- ५२औं साधारण सभा दशैं अगावै सम्पन्न गरी लाभांश दर कायम राख्न शुभकामना व्यक्त ।

२. **श्री भेषराज भण्डारी**

- ५१औं वार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई,
- लाभांश सन्तोषजनक रहेको र आगामी वर्ष २० प्रतिशत बोनस शेयरको कार्ययोजना बनाउन सुझाव,
- कम्पनीका मुख्य सूचकहरूमा सुधार आएको छ, खर्च न्यूनिकरणको उपाय अपनाउनु पर्नेमा जोड,
- होटेलले विभिन्न अवार्डहरू प्राप्त गरेको र आगामी दिनहरुमा पनि यस्तो गौरवपूर्ण कार्यलाई निरन्तरता दिनुपर्ने,
- पर्यटक आगमन र बसाई अवधि बढाउन होटेलको आकर्षण वृद्धि गर्नेतर्फ ध्यान दिन सुझाव,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षाका साथै विपन्न वर्गको स्वास्थ्य क्षेत्रमा पनि खर्च गर्न सुझाव,
- बुझिलिन बाँकी लाभांश रकम शेयरधनीहरुको सम्बन्धित खातामा पठाउने व्यवस्था मिलाउन सुझाव,
- होटेल र पर्यटन व्यवसायलाई शहरी क्षेत्र बाहिर समेत विस्तार गर्न सुझाव ।

३. **श्री इन्द्र प्रसाद लामिछाने**

- ५१औं वार्षिक साधारण सभामा मन्तव्य राख्ने अवसर प्रदान गर्नुभएकोमा धन्यवाद,
- शेयरधनीलाई अपनत्व महसुस गराउन र अनावश्यक खर्च कम गर्न साधारण सभा आफ्नै होटेलमा आयोजना गर्न सुझाव,
- जलपान व्यवस्थापनमा गरिएको सुधारलाई आगामी साधारण सभाहरूमा पनि निरन्तरता दिन सुझाव,
- अन्य होटेलको तुलनामा राम्रो प्रतिफल दिनुभएकोमा धन्यवाद,
- सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको चयन निर्वाचन प्रक्रिया भन्दा आपसी सहमतिमा गर्न सुझाव,
- ५१औं वार्षिक साधारण सभाको सफलता र होटेलको उत्तरोत्तर प्रगतिको शुभकामना ।

४. **श्री सुदीप श्रेष्ठ**

- ५१औं वार्षिक साधारण सभामा मन्तव्य राख्ने अवसर प्रदान गर्नुभएकोमा धन्यवाद,
- विभिन्न आरोह-अवरोहका बीच पनि राम्रो लाभांश वितरण गर्नुभएकोमा धन्यवाद,
- कोठा अकुपेन्सी दर उच्च कायम राख्दै बजारमा अन्य होटेलको तुलनामा उत्कृष्ट प्रतिफल दिनुभएको छ,
- नेपाली हस्तकलाको प्रवर्द्धनका लागि होटेल परिसरमा सोको बिक्री-वितरणको सहज व्यवस्था मिलाउन सुझाव,
- कम्पनी पर्यटन व्यवसायी मध्ये सबै भन्दा बढी आयकर दाखिला गर्ने कम्पनीको रुपमा सम्मानित भएकोमा बधाई,
- आगामी दिनहरुमा थप लाभांश प्रदान गर्न शुभकामना ।

५. **श्री वैज्यु नाथ रौनियार**

- ५१औं वार्षिक साधारण सभाको सुखद अवसरमा सम्पूर्णलाई बधाई,
- देशको विद्यमान परिस्थितिमा पनि आकर्षक लाभांश प्रदान गरेको कार्य प्रशंसनिय रहेको,
- होटेलले प्राप्त गरेका विभिन्न पुरस्कारका लागि बधाई तथा व्यवस्थापन पक्षको कार्यदक्षताका लागि धन्यवाद,
- कम्पनीको प्रति शेयर आम्दानी (EPS) मा भएको वृद्धिको सराहना,
- लगानी विविधीकरण गरिएका क्षेत्र र नयाँ शाखाहरूबाट प्राप्त मुनाफा आर्जनबारे जिज्ञासा,
- सौर्य ऊर्जाको प्रयोग मार्फत विद्युत् खर्च कटौती गरी दिगोपनमा ध्यान दिएकोमा प्रशंसा,
- होटेलको बक्यौता असुली सम्बन्धी कानुनी मुद्दाहरूको अवस्था उल्लेख गनुपर्ने र बक्यौता रकम असुलीमा विशेष ध्यान दिनुपर्ने,
- कम्पनीले ५१औं वार्षिक साधारण सभामा प्रस्तावित एजेण्डाहरूमा पूर्ण समर्थन रहेको,
- सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचनमा आपसी सहमति र समझदारी कायम गर्न सुझाव ।

६. **श्री विजय बहादुर श्रेष्ठ**

- होटेल सँग लामो समय देखिको व्यक्तिगत सामीप्यता तथा निकटता रहेको,
- धितोपत्र बोर्डको निर्देशन अनुरूप सञ्चालकहरूको योग्यता र लगानीमा पारदर्शिता अपनाउन सुझाव,
- कम्पनीको समुज्वल भविष्यका लागि **थप सार्वजनिक निष्कासन** (Further Public Offering) जारी गर्नुपर्छ,
- अन्तर्राष्ट्रिय होटेल व्यावस्थापन विस्तार र त्यसबाट प्राप्त हुने प्रतिफलबारे वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने,
- कर्मचारीको दक्षता र मनोबल बढाउन मानव संसाधन समिति गठन गर्न सुझाव,
- आकास्मिक रुपमा आउन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि जोखिम व्यवस्थापन समिति स्थापना गर्न सुझाव,
- सोल्टी हेरिटेज क्लब मार्फत गल्फ खेललाई प्रवर्द्धन गर्न सुझाव,
- होटेलको पार्किङ व्यवस्थापनको कार्य प्रशंसनीय रहेको छ,
- व्याङ्क्वेट सुविधालाई थप प्रभावकारी एवं लाभदायक बनाउन सुझाव,
- होटेलमा प्रयोग हुने पानि बोटलिङ्ग प्लान्टको कार्य प्रशंसनीय रहेको उल्लेख,
- कम्पनीबाट गरिने लाभांश वितरणको अनुपातमा उचित विचार गनुपर्ने,
- सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचनमा आपसी सहमति गर्न सुझाव,
- नेपाली नागरिकलाई होटेलको महाप्रबन्धक पदमा नियुक्त गर्नेतर्फ ध्यान दिन सुझाव ।

७. **श्री मेजर कुबेर लाल श्रेष्ठ**

- आकर्षक लाभांश वितरणका लागि सञ्चालक समितिलाई धन्यवाद,
- होटेलले विषम परिस्थितिमा पनि राम्रो आम्दानी गरी शेयरधनी, कर्मचारी तथा व्यवस्थापनलाई राम्रो गरिरहेको छ,
- होटेलको अकुपेन्सी रेट अझ वृद्धि गर्नुपर्ने,
- शेयरको बजार मूल्यमा सन्तुलन कायम राख्न 'प्राइस अर्निगं रेसियो' (P/E Ratio) मा विशेष ध्यान दिनुपर्ने,
- अन्तर्राष्ट्रिय स्तरमा कम्पनीको ब्रान्ड ईमेज बलियो बनाउन र पहिचान विस्तार गर्न सुझाव,
- सबैको आपसी सहकार्य मार्फत होटेलको थप विकास र प्रगतिको कामना ।

८. **श्री व्यास कुमार शर्मा**

- नेपालको पर्यटन क्षेत्रमा यस होटेलको अग्रणी भूमिका रहेको,
- कम्पनीले पारदर्शी, विश्वसनीय र उत्कृष्ट वित्तीय विवरण (वासलात) तयार गर्ने गरेको,
- वित्तीय विवरणको उत्कृष्ट प्रस्तुतीकरणलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिन आग्रह,
- प्रतिकूल परिस्थितिमा पनि नाफा र कार्यसम्पादनमा भएको सुधार प्रति सन्तोषजनक रहेको छ,
- कम्पनीको मजबुत रिजर्भ र रिटेन्ड अर्निङ सहितको सुदृढ वित्तीय अवस्था रहेको,
- होटेलले विभिन्न पुरस्कारहरु प्राप्त गर्न सफल भई बजार विस्तारमार्फत 'ब्रान्ड इमेज' बलियो बनाएको,
- आन्तरिक पर्यटन लक्षित प्याकेजहरू ल्याई कोठा अकुपेन्सी दर वृद्धी गर्नुपर्ने,
- अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरूमा ठूलो लगानी विस्तार गरी कम्पनीलाई नयाँ उचाईमा पुर्याउन सुझाव ।

९. **श्री गुण राज भट्ट**

- ५१औं वार्षिक साधारण सभाको उपलक्ष्यमा सबैलाई शुभकामना,
- नेपालको ऐतिहासिक होटेल आज अन्तर्राष्ट्रिय ब्रान्डको रूपमा स्थापित भएको छ,
- सञ्चालक समिति तथा कर्मचारीहरुको निरन्तरको मेहेनत सह्रानिय रहेको छ,
- अन्तर्राष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्न थप प्रभावकारी भूमिका खेल्नुपर्ने,
- पर्यटन विकासका लागि सरकारसँग समन्वय गरी नीति निर्माणमा पहल गर्न सुझाव,
- मुनाफा र लाभांश वृद्धि गर्दै देशको विकास र शान्तिमा योगदान दिनुपर्ने ।

१०. **श्री इन्द्र कृष्ण श्रेष्ठ**

- १५ प्रतिशत बोनस शेयर र १६ प्रतिशत नगद लाभांश प्रदान गर्नुभएकोमा धन्यवाद,
- जलपानका लागि बाह्य क्याटरिङ प्रयोग नगरी आफ्नै होटेलबाट सेवा प्रदान गरेमा मितव्ययी हुने,
- विमानस्थलमा पर्यटकका लागि हुने प्रतिस्पर्धा र कमिसनको प्रभावलाई कम गरी पर्यटक आकर्षित गर्न तर्फ सरिक हुनुपर्ने,
- विषम परिस्थिति र जेन-जी आन्दोलनका बीच पनि कम्पनीको सम्पत्ति सुरक्षित रहेकोमा खुसी व्यक्त,
- कम्पनीको शेयरको अंकित मूल्य १० रुपैयाँबाट परिवर्तन गरी १०० रुपैयाँ कायम गर्नेतर्फ विचार गर्नुपर्ने,
- वित्तीय विवरणमा उल्लेखित हायर पर्चेज बारे स्पष्ट पारिदिन अनुरोध ।

११. **श्री कृष्ण प्रसाद अधिकारी**

- संस्कृत भाषामा श्लोक वाचन गरी सोल्टी होटलको उत्तरोत्तर प्रगतीको कामना,
- सभा हलमा प्रकाशको कमी भएकाले वार्षिक प्रतिवेदन अध्ययन गर्न कठिनाई भयो, यसमा व्यवस्थापनको ध्यानाकर्षण होस् ,
- विगतमा कम्पनीको वार्षिक प्रतिवेदन पुस्तक समयमै प्राप्त हुने गरेकोमा यस वर्ष ढिला प्राप्त भयो,
- कम्पनीका शेयरधनीहरूसँगको अन्तरक्रिया बढाउन साना गोष्ठीहरू आयोजन गरी शेयरधनीहरुलाई सहभागी गराउन सुझाव,
- कम्पनीको वार्षिक प्रतिवेदनको भाषाका शब्दहरू साहित्यिक भएको, शेयरधनीले बुझ्ने गरी सरल भाषा प्रयोग गर्न सुझाव ।
- कम्पनीको अवस्था राम्रो छ, आगामी वर्ष ५० प्रतिशतसम्म लाभांश वितरण गर्न सक्ने गरी कार्ययोजना बनाउनुहोस् ।

१२. **श्री निरुपमा गुप्ता**

- कम्पनीको वार्षिक प्रतिवेदन अनुसार कम्पनीका वित्तीय सूचकाङ्कहरू सकारात्मक र उत्साहजनक रहेकोमा प्रशंसा,
- कम्पनीको वार्षिक प्रतिवेदनको प्रकाशित पुस्तिका समयमा प्राप्त नभएको, आगामी दिनमा सूचना प्रणालीमा समेत सुधार गर्नुपर्ने,
- मुनाफा तर्फ हेर्दा कम्पनीले गत आर्थिक वर्ष भन्दा राम्रो गरेको,
- कम्पनीले प्रदान गरेको लाभांश सराहनीय छ र आगामी वर्षहरूमा पनि शेयरधनीहरुलाई यस्तै प्रतिफल दिन आग्रह,
- कम्पनीले प्राप्त गरेका विभिन्न पुरस्कारहरूले व्यवस्थापनको कार्यकुशलता र दूरदर्शिता झल्काउँछन्,
- समय सापेक्ष खर्च बढ्नु स्वाभाविक भए तापनि कम्पनीले खर्च न्यूनीकरण र मितव्ययिता अपनाउने तर्फ विशेष ध्यान दिनुपर्छ,
- दीर्घकालीन नाफा स्थिर राख्न कम्पनीको रणनीति र सेवाको गुणस्तर सुधार र कर्मचारी दक्षताको सम्बन्धमा स्पष्ट पार्न अनुरोध,
- दिगो पर्यटन, वातावरण मैत्री लगानी र डिजिटल प्रविधिलाई प्राथमिकतामा राख्न सुझाव ।

१३. **श्री दशरथ रिजाल**

- कम्पनीले विभिन्न होटेलहरुमा लगानी गरी ब्राण्ड विस्तार तर्फ पनि त्यतिकै अघि बढेकोमा निकै गौरवान्वित महसुस भएको,
- जेन-जी आन्दोलन र पर्यटन क्षेत्रमा तीव्र प्रतिस्पर्धाका बीच पनि होटेलले आफ्नो साख जोगाउँदै गरेको प्रगति प्रशंसायोग्य,
- होटेलले विभिन्न अवार्डहरु पाईरहेको अवस्थामा यसले पर्यटन क्षेत्रमा राम्रो गरिरहेको अपेक्षा,

- होटेलको समय सापेक्ष पुनर्निर्माणले गर्दा हरेक पटक आउँदा नयाँपन र छुट्टै आकर्षण महसुस भएको,
- कम्पनीले जलविद्युत, शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत लगानीको सम्भावना खोजी गरी प्रतिफल सुनिश्चित् गर्न सुझाव,
- विभिन्न ब्रान्डहरूबाट प्राप्त भइरहेको आम्दानीको स्पष्ट विवरण प्रतिवेदनमा समावेश गरी पारदर्शिता कायम गर्नुपर्ने,
- सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सभाको गरिमा कायम राख्दै सान्दर्भिक र सभ्य रूपमा आफ्ना विषयहरू प्रस्तुत गर्नुपर्ने,

१४. **श्री डम्बरु बल्लभ घिमिरे**

- होटेलसँगको आफ्नो पुरानो सम्बन्ध स्मरण गर्दै साधारण सभा समयमै आयोजना भएकोमा खुसी व्यक्त,
- लगानीकर्ताको मुख्य चासो प्रतिफलमा हुने हुँदा लाभांश वितरणलाई निरन्तरता दिनुपर्ने,
- साना शेयरधनीहरूको आवाजलाई उचित स्थान दिन आग्रह,
- सभा स्थल चयन गर्दा शेयरधनीहरूलाई पायक पर्ने र सहज स्थान रोज्नुपर्नेमा,
- आर्मी क्लब जस्तो सुरक्षात्मक वातावरण भएको ठाउँमा सभा गर्नुको कारणबारे जिज्ञासा,
- वार्षिक प्रतिवेदनको अक्षर निकै सानो भएकाले पढ्न कठिनाई भएको तर्फ व्यवस्थापनको ध्यानाकर्षण,
- सञ्चालक समितिमा नयाँ र युवा पुस्तालाई पनि अवसर प्रदान गर्न सुझाव,
- कम्पनीले आफ्ना पुराना शेयरधनीहरूलाई चिन्न र उनीहरूसँगको सम्बन्धलाई थप सुदृढ बनाउन आवश्यक रहेको ।

१५. **श्री रोज कुमार श्रेष्ठ**

- ५१औँ वार्षिक साधारण सभाको सुखद अवसरमा शेयरधनीहरूलाई प्रदान गरिएको लाभांशका लागि व्यवस्थापनलाई धन्यवाद,
- होटेल परिसरको विस्तारित अटोमेटेड पजल पार्किङ्ग र नयाँ भण्डारण भवन अत्यन्तै सराहनीय र दूरगामी महत्वको रहेको,
- विद्युत् खपतमा २५ प्रतिशत कटौती गर्ने उद्देश्यले ५०६ किलोवाटको सोलार जडान र फोहोरबाट कम्पोष्ट मल बनाउने कार्यको प्रशंसा,
- बोटलिङ्ग प्लान्टको सम्बन्धमा, प्लास्टिकको सट्टा सिसाको बोतल प्रयोग गर्ने सन्दर्भमा यसको व्यवहारिकतामा थप प्रष्ट पार्नुपर्ने,
- नेपालमा पर्यटकको बसाई छोटो समयको हुने समस्यालाई सम्बोधन गर्न होटेलले के-कस्ता पहल गरिरहेकोछ भन्नेबारे जिज्ञासा,
- वार्षिक प्रतिवेदनलाई थप पारदर्शी बनाउन कम्पनीको लगानी र त्यसबाट प्राप्त हुने आम्दानीको छुट्टै विवरण समावेश गर्न सुझाव ।
- कम्पनीको लोगोमा 'स' अक्षर प्रयोग गर्नुको विशेष अर्थ बारे जिज्ञासा ।

१६. **श्री जयन्द्र मान सिंह बानियाँ**

- सोल्टी होटेलले आफ्नो उच्च प्रतिष्ठा र गुणस्तरलाई निरन्तर रूपमा कायम राख्दै आएकोमा खुशी व्यक्त,
- कम्पनीको वित्तीय सूचकहरू अत्यन्तै राम्रो रहेको र आकर्षक लाभांश वितरण गरेकोमा व्यवस्थापनलाई बधाई,
- कम्पनीको पुँजी र ऋणको अनुपात सन्तुलित रहेको र ऋणको भार नगन्य भएकोले थप लगानीको तत्काल आवश्यकता नरहेको,
- शेयर मूल्यमा गिरावट आउन सक्ने जोखिमका कारण **थप सार्वजनिक निष्कासन** (FPO) जारी गर्न आवश्यक नभएको,
- विषम परिस्थितिमा होटेलको सुरक्षामा विशेष ध्यान दिन र सम्भावित जोखिम न्यूनीकरणका लागि व्यवसायिक बीमा गराउनुपर्ने,
- वित्तीय विवरणमा विविध शीर्षक अन्तर्गत करोडौंको खर्च देखाइएकोले पारदर्शिताका लागि खर्चहरूलाई स्पष्ट रूपमा खुलाउनुपर्ने,
- खाद्य तथा पेय पदार्थको गुणस्तरमा विशेष जोड दिन र आम्दानी तर्फको विविध शीर्षकलाई पनि स्पष्ट वर्गीकरण गनुपर्ने,
- होटेलको कोठा अकुपेन्सीलाई ६०-७० प्रतिशतको हाराहारीमा पुऱ्याउने रणनीति बनाउनुपर्ने
- आगामी वर्षहरूमा पनि यसरी नै आकर्षक प्रतिफल वितरणलाई निरन्तरता दिन शुभकामना ।

१७. **श्री ध्रुवराज न्यौपाने**

- श्री ध्रुवराज न्यौपानेज्युलाई मन्तव्य राख्नका लागि नाम उल्लेख गर्दा सभामा आफ्नो मन्तव्य राख्नु भएन ।

१८. **श्री युगल नारायण बसेल**

- कम्पनीको ५१औँ वार्षिक साधारण सभाको सुखद अवसरमा ३१ प्रतिशत लाभांश प्रदान गरेकोमा व्यवस्थापनलाई हार्दिक धन्यवाद,
- विगतका वर्षहरूमा पुस महिनाको अन्त्यतिर सभा हुने गरेको साधारण सभा यस वर्ष समयमै आयोजना गरिएकोमा सराहना,
- कम्पनीले प्राप्त गरेका विभिन्न पुरस्कार र सम्मानले होटेलको उत्कृष्ट कार्यसम्पादनलाई थप पुष्टि गरेको छ,
- सञ्चित मुनाफामा ३० करोड र खुद नाफामा ५ करोडको वृद्धि हुनु सकारात्मक पक्ष रहे तापनि कोठा अकुपेन्सीमा आएको गिरावट प्रतिको कारणबारे जिज्ञासा,
- होटेलको आफ्नै पर्याप्त पूर्वाधार हुँदाहुँदै पनि साधारण सभा आफ्नै परिसरमा आयोजना नगर्नुको कारणबारे प्रश्न,
- आगामी वर्षहरूमा लाभांशको दरलाई थप वृद्धि गर्न सुझाव,
- कम्पनी, व्यवस्थापन, कर्मचारी र शेयरधनी सबैको सामूहिक हित र उत्तरोत्तर प्रगतिको कामना ।

१९. **श्री उत्सव सुन्दर श्रेष्ठ**

- साधारण सभामा शेयरधनीहरूको न्यून उपस्थिति प्रति चिन्ता व्यक्त गर्दै सहभागिता बढाउनेतर्फ ध्यान दिन आग्रह,
- सभा हलमा प्रवेश गर्दा शेयरधनीहरूले भोग्नुपरेको असहजतालाई मध्यनजर गर्दै आगामी वर्षहरूमा आफ्नै होटेल वा सबैलाई पायक पर्ने सुलभ स्थानमा सभा आयोजना गर्न सुझाव,
- नगद लाभांश भन्दा बोनस शेयरलाई प्राथमिकता दिँदा साना लगानीकर्ताहरूलाई समेत राहत पुग्ने,
- सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक पदमा उम्मेदवारी दिएकोमा सञ्चालक चयन प्रक्रिया सर्वसम्मतीबाट नभई स्वस्थ चुनावी प्रतिस्पर्धाबाट हुनुपर्ने,
- धेरै भन्दा धेरै शेयरधनीहरू उपस्थित हुन सकून् भन्ने उद्देश्यले आगामी दिनमा सभाको समय र दिन तय गर्दा विशेष ध्यान दिन आवश्यक,
- सञ्चालक निर्वाचनका उम्मेदवार र तिनका प्रतिनिधिहरूको योग्यताका मापदण्डबारे स्पष्टताका लागि प्रश्न,
- शेयरधनी र सञ्चालक समिति बीच सुमधुर सम्बन्ध कायम राख्न र लगानीकर्ताका आवाजलाई उचित स्थान दिनुपर्ने,
- वित्तीय विवरणमा उल्लेखित कानूनी तथा व्यावसायिक शुल्क र मनोरञ्जन खर्चबारे स्पष्ट पारिदिन अनुरोध,
- कानुनी तथा व्यवसायिक शुल्क १ करोड र मनोरन्जनमा ५४ लाख खर्च देखाएको छ तर वार्षिक साधारण सभा खर्च मात्र १४ लाख मात्र छ शेयरधनीहरुको वार्षिक साधारण सभा सम्बन्धी खर्च किन कम गरिएको प्रष्ट पार्नुहोला,
- संस्थागत सामाजिक उत्तरदायित्वमा ६५ लाख खर्च दखाईएको छ यो किन गरिएको हो,
- कम्पनीले होटेल व्यावस्थापन किन गर्ने होटेलले सोझै लगानी गर्नुपर्ने सुझाव ।

२०. **श्री महेन्द्र कुमार श्रेष्ठ**

- विषम परिस्थितिमा पनि बोनस शेयर र नगद लाभांश सन्तुलित रूपमा वितरण गर्नुभएको विषय सकारात्मक छ,
- जेन-जी आन्दोलनका क्रममा ठूला होटेलहरुमा तथा पर्यटन क्षेत्रमा समेत ठूलो क्षती पुगेकोमा, कम्पनीले होटेलको सुरक्षा र सम्भावित जोखिमका लागि सर्तकता अपनाउनुपर्ने र पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गर्न अघि सर्नुपर्ने,
- भारतमा ताज होटेलले खेलेको भूमिका जस्तै नेपालमा सोल्टी होटेलले आफ्नो गरिमा कायम राखेकोमा गर्व महशुस भएको र पर्यटन प्रवर्द्धनमा थप सक्रिय हुनुपर्ने,
- पर्यटन विकासका लागि नेपाली संस्कृतिलाई जोडेर अघि बढ्नुपर्ने र भविष्यमा लाभांश छिटो प्राप्त हुने गरी साधारण सभा अझ अगाडि आयोजना गर्न सुझाव ।

२१. **श्री जिवन लाल बज्राचार्य**

- साधारण सभाको समय, दिन र स्थान चयन गर्दा शेयरधनीहरूको सहजतालाई पूर्ण रूपमा ख्याल गर्न व्यवस्थापनलाई अनुरोध,
- आतिथ्य क्षेत्रमा प्रख्यात सोल्टी होटेलले साधारण सभामा बिहानै उपस्थित हुने शेयरधनीहरूका लागि खानपान र जलपानको अझ राम्रो व्यवस्था गर्नुपर्ने,
- गत वर्षको तुलनामा मुनाफा बढे पनि लाभांशको दर ३६% बाट ३१% मा घट्नुको कारणबारे जिज्ञासा,
- लेखापरीक्षण गर्दा केवल तथ्याङ्क प्रमाणीकरणमा मात्र सीमित नभई कार्यसम्पादन र सुधारका पक्षहरूमा आधारित लेखापरीक्षण गर्नुपर्ने,

- वर्षमा एक पटक मात्र नभई हरेक छ महिनामा शेयरधनीहरूसँग अन्तरक्रिया र समस्या समाधानका लागि स-साना कार्यक्रमहरू आयोजना गर्न सुझाव ।

२२. **श्री डा. शुद्ध एस. रौनियार**

- डा. शुद्ध एस. रौनियारज्युलाई मन्तब्य राख्नका लागि नाम उल्लेख गर्दा सभामा आफ्नो मन्तव्य राख्नु भएन ।

२३. **श्री लब राज जोशी**

- आगामी दिनमा लाभांशको दरलाई अझ वृद्धि गर्ने गरी योजना बनाउन सञ्चालक समितिलाई सुझाव,
- सञ्चालक समितिमा नयाँ र युवा पुस्तालाई अवसर दिँदै नेतृत्वमा परिवर्तन ल्याउनुपर्ने,
- साधारण सभा कार्यालय समयमा हुँदा धेरै शेयरधनीहरू उपस्थित हुन नसक्ने भएकाले समय परिमार्जन गर्न र सञ्चालकहरूको कार्यसम्पादन विवरण सार्वजनिक गर्नुपर्ने,
- पर्यटन क्षेत्रको नीतिगत सुधारका लागि सरकारसँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गर्न कम्पनीलाई आग्रह,
- प्रतिस्पर्धी बजारमा अन्य होटेलहरू आधुनिक प्रविधि सहित आएकाले सोल्टीले पनि होटलको मर्मत-सम्भार र पुनर्निर्मामा ध्यान दिनुपर्ने,
- कर्मचारीहरूलाई अतिथि सत्कारमा थप तालिम दिई सेवाको गुणस्तर सुधार्न र शेयरधनीका सुझावहरूलाई कार्यान्वयनमा लैजान व्यवस्थापनलाई अनुरोध ।
- कम्पनीको दीर्घकालीन विकासका लागि नयाँ तथा युवा पुस्तालाई कम्पनीमा समावेश गर्दै भविष्यप्रति उत्तरदायी नेतृत्व विकास गर्नुपर्ने,
- निर्वाचित प्रतिनिधिहरूले शेयरधनीहरूसँग नियमित अन्तरक्रिया कार्यक्रम आयोजना गरी उनीहरूको सुझाव सञ्चालक समितिमा प्रस्तुत गर्नुपर्ने सुझाव ।

२४. **श्री राम गोपाल महर्जन**

- प्रतिकूल समयमा पनि राम्रो लाभांश प्रदान गर्नुभएकोमा धन्यवाद,
- वित्तीय प्रतिवेदनमा देखिएका लिन बाँकी असामी उठाउने तर्फ ध्यान दिनुपर्ने,
- पुराना शेयरधनीहरूको वक्यौता लाभांश वितरणमा सक्रियता देखाउन आग्रह,
- हालको व्यवसायिक परिदृश्यमा 'जोइन्ट भेन्चर' को अभ्यास बढ्दै गएकोमा, सोल्टी होटेलको यसबारे कस्तो रणनीति रहेको छ,
- आगामी वर्षहरूमा नगद लाभांशको तुलनामा बोनस शेयरलाई बढी प्राथमिकता दिन सुझाव ।

२५. **श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित)**

- साधारण सभा समयमै आयोजना गरेकोमा धन्यवाद दिँदै आगामी वर्षहरूमा पहिलो त्रैमासिक भित्रै सभा सम्पन्न गर्न आग्रह,
- आर्थिक वर्ष २०८१/८२ का लागि १५% बोनस शेयर र १६.५८% नगद लाभांश वितरणको निर्णय स्वागत योग्य रहेको,
- 'जेन-जी' आन्दोलनले होटलमा पुऱ्याएको क्षतिबारे जानकारी माग गर्दै खर्चमा मितव्ययिता अपनाउन सञ्चालकहरूलाई सुझाव,
- कम्पनीलाई आजको उचाईसम्म पुऱ्याउने कर्मचारीहरू प्रति आभार प्रकट गर्दै सभाका सम्पूर्ण एजेन्डाहरूमा पूर्ण समर्थन र सफलताको शुभकामना व्यक्त ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ३

**(५१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)**

**सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

सभाका सभापति तथा कार्यकारी अध्यक्षज्यूले आदरणीय शेयरधनी महानुभावहरुले कम्पनीको ५१औं वार्षिक साधारण सभामा छलफलको क्रममा अभिव्यक्त गर्नुभएको मन्तब्यहरुको लागि हृदय देखिनै आभार तथा कृतज्ञता व्यक्त गर्नुहुदै, वक्ता शेयरधनी महानुभावज्युहरुले सभामा उठाउनु भएका जिज्ञाशा एवं प्रश्नहरुको समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो ।

१. सर्वप्रथम, कम्पनीका शेयरधनी श्री विजय बहादुर श्रेष्ठज्यूले उठाउनुभएको भाद्र २३-२४ को 'जेन-जी' आन्दोलन र त्यसले सिर्जना गरेको परिस्थितिको सन्दर्भमा कार्यकारी अध्यक्षज्यूले जोखिम व्यवस्थापनको महत्वलाई कम्पनीले गम्भीरतापूर्वक मनन गरेको छ भन्नुभयो । त्यस्ता अप्रत्याशित घटनाहरूले भविष्यका लागि सचेत गराएको उल्लेख गर्दै, सम्भावित जोखिमहरूको पूर्वानुमान र न्यूनीकरणका लागि कम्पनीले एउटा जोखिम न्यूनिकरण टिम खडा गरी रणनीतिक रूपमा अघि बढने छौं भन्नुभयो ।

२. छलफलका क्रममा उठेका सहायक कम्पनी र रोयल्टीको विषयमा प्रष्ट पार्दै कार्यकारी अध्यक्षज्यूले विभिन्न स्थानमा रहेका होटलहरूले "सोल्टी" ब्राण्ड प्रयोग गरेबापत प्राप्त हुने रोयल्टी यस कम्पनीको सहायक कम्पनी 'सोल्टी हस्पिटालिटी लिमिटेड' लाई प्राप्त हुने र सो रकम उक्त सहायक कम्पनीको आम्दानीको प्रमुख श्रोत रहेको जानकारी गराउनु भयो ।

३. शेयरधनी महानुभावहरूले बजारमा बढ्दो प्रतिस्पर्धा र वैदेशिक कम्पनीहरूसँगको संयुक्त लगानीको सन्दर्भमा राख्नु भएको जिज्ञासाको सम्बन्धमा, कार्यकारी अध्यक्षज्यूले कम्पनीले आफ्नै मौलिक ब्राण्डको विकास गरी देश-विदेशमा सञ्जाल विस्तार गर्ने लक्ष्य राखेकोछ भन्नु भयो । यसै रणनीतिको अर्न्तगत हालै जर्मनीका दुईवटा होटेलमा सोल्टी ब्राण्डको विस्तार गरी होटेल व्यवस्थापनको जिम्मेवारी वहन गरिरहेको दृष्टान्त प्रस्तुत गर्दै, कम्पनीले अत्यन्तै गम्भीरताका साथ विश्व बजारमा आफ्नो उपस्थिति बलियो बनाउँदै लगेको कुरा स्पष्ट पार्नुभयो ।

४. होटेलको कोठा अक्यूपेन्सी दरमा सुधार ल्याई मुनाफा अभिवृद्धि गर्नेतर्फ कम्पनी सचेत रहेको जानकारी गराउँदै कार्यकारी अध्यक्षज्यूले पूर्वाधार पुनर्संरचना, मर्मत तथा पुनर्निर्माणका सम्बन्धमा शेयरधनीहरुको जिज्ञासाको सम्बोधन गर्नुभयो । उहाँले होटेलका विभिन्न विङ्गहरू प्रिन्सेप विङ्ग, हिमालयन विङ्ग र रेष्टुरेन्ट परिसरलाई समय-समयमा पुनःनिर्माण तथा आधुनिकिकरण गर्दै आएको छ भन्नु भयो । यसै क्रममा, होटलको सबैभन्दा पुरानो 'प्रिन्सेप विङ्ग' का कोठाहरूलाई वर्तमान अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप आधुनिक र सुविधायुक्त बनाउन पुनर्निर्माणको कार्य यसै आर्थिक वर्षमा शुरु हुने र करिब डेढ वर्षमा सो कार्य सम्पन्न हुने लक्ष्य राखिएको जानकारी गराउनु भयो । उक्त पुनर्निर्माण अवधिभर प्रिन्सेप विङ्ग पूर्ण रूपमा बन्द रहने र यसले कम्पनीको दीर्घकालीन आधुनिकीकरणमा ठूलो योगदान पुऱ्याउने कुरा समेत सभालाई अवगत गराउनु भयो ।

५. होटेलको पुनर्निमाण तथा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने पूँजी व्यवस्थापनका सम्बन्धमा स्पष्ट पार्दै कार्यकारी अध्यक्षज्यूले कम्पनीले बाह्य ऋणको भार नथप्ने नीति अवलम्बन गरेको जानकारी दिनुभयो । यसका लागि होटेलले आर्जन गरेको मुनाफाको ५० प्रतिशत रकम प्रयोग गरी आन्तरिक श्रोतबाटै लगानी गरिने र ऋणमुक्त विकासलाई प्राथमिकता दिने नीति रहेको जानकारी गराउनु भयो । यसैगरी, शेयरधनीहरुले उठाउनुभएको आय वृद्धिको दिगो रणनीतिका विषयमा, कार्यकारी अध्यक्षज्यूले कम्पनीले आयका श्रोतहरूलाई विविधिकरण गर्दै नयाँ र सम्भावित क्षेत्रहरूबाट राजस्व अभिवृद्धि गर्ने दिशामा दृढताका साथ अघि बढिरहेको स्पष्ट पार्नुभयो ।

६. शेयरधनीहरुले उठाउनु भएको अत्याधुनिक अटोमेटेड पजल कार पार्किङ्ग सिस्टम लगायतका परियोजनाहरुको सन्दर्भमा स्पष्ट पार्दै कार्यकारी अध्यक्षज्यूले होटेलमा पजल कार पार्किङ्ग निर्माण तथा मेघा मल्हार हलको विस्तार भइरहेको जानकारी दिनुभयो । मेघा मल्हार हलको क्षमता विस्तारसँगै आयोजन हुने ठूला सभा-समारोहका कारण पार्किङ्गको माग बढ्ने हुँदा, सीमित क्षेत्रमा धेरै सवारी साधनहरू व्यवस्थापन गर्न सकिने आधुनिक प्रविधिको अटोमेटेड पजल पार्किङ्ग निर्माण गर्न लागिएको सभालाई जानकारी गराउनु भयो ।

७. शेयरधनी महानुभावहरूलाई सम्बोधन गर्दै कार्यकारी अध्यक्षज्यूले कम्पनीले आर्थिक तथा अन्य हरेक दृष्टिकोणबाट आफ्नो क्षमता अनुरूप अधिकतम कार्यसम्पादन गरिरहेको विश्वास दिलाउनु भयो । उपस्थित शेयरधनीहरूबाट प्राप्त सद्भाव र सुझावको कदर गर्दै, कम्पनीले वर्तमान र भविष्यमा आउन सक्ने जुनसुकै चुनौतीहरूको सामना गर्न सक्षम रहेको जानकारी गराउनुभयो ।

८. शेयरधनीहरुको होटेललाई मध्यम वर्गीय अतिथि पाहुनाहरूको पहुँचमा पुऱ्याउने सम्बन्धी सुझावको सम्बन्धमा कार्यकारी अध्यक्षज्यूले सोल्टी होटेल मध्यम वर्गका लागि पनि पहुँच योग्य रहेको छ भन्नुभयो । कम्पनीले आन्तरिक पर्यटनको महत्वलाई आत्मसात् गर्दै स्वदेशी पर्यटकहरूका लागि विभिन्न आकर्षक स्कीम, विशेष छुट र सुलभ प्याकेजहरू उपलब्ध गराइरहेको र भविष्यमा पनि मध्यम वर्गको पहुँच रहोस् भन्नेतर्फ ध्यान दिइने समेत उल्लेख गर्नुभयो ।

९. कानुनी तथा परामर्श शुल्क बढेको सम्बन्धमा कम्पनीको कानुनी सल्लाहा, कानूनी कार्यवाहीहरु सम्बन्धीत खर्च, आन्तरिक लेखापरिक्षण, शेयर रजिस्टार, कम्पनीको वेवसाईट विकाश खर्च, अतिथि बजार व्यावस्थापन सम्बन्धी परामर्श, मानव संसाधन परामर्श, लगायतका विभिन्न बिषयमा कम्पनीबाट लिईने परामर्शदाताहरुको सेवा शुल्क सम्बन्धी खर्चहरु समावेश रहेकाछन् । साथै, मनोरन्जन, विविध खर्च, सम्बन्धी खर्चहरुको विवरणको सम्बन्धमा कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मानको मापदण्ड बमोजिम वित्तीय विवरणहरु तयार गर्नुपर्ने तथा विस्तृत लेखापरिक्षण पश्चात् लेखापरिक्षकबाट वित्तीय प्रतिवेदन तयार गरिने भएकोले विस्तृत रुपमा सबै विवरणहरू वित्तीय प्रतिवेदनमा खुलाइदैन ।

१०. संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च सम्बन्धमा नेपालको औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५४ को उपदफा १ बमोजिम कम्पनीको आयकर पछिको नाफाको १ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वको लागि व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान रहेको छ र यस वर्ष रु. ६५.३२ लाख देखाईएको खर्च यसै अनुसार देखाईएको हो ।

११. सञ्चालक समितिमा विज्ञ, नयाँ र युवा पुस्तालाई नेतृत्व गर्ने अवसर दिनुपर्छ भन्ने सम्बन्धमा, कम्पनीको संञ्चालक समितिमा विभिन्न क्षेत्रका विज्ञ तथा अनुभवी व्यक्तित्वहरूको प्रतिनिधित्व रहेको छ भन्नुभयो । कम्पनीको प्रगति र सफलता सामूहिक प्रयासमा आधारित रहने हुँदा सबै सञ्चालकहरूको योगदान महत्त्वपूर्ण रहने र सञ्चालक समितिले सधैं एकताबद्ध भई कम्पनीको हितमा कार्य गरी रहेको उल्लेख गर्नुभयो ।

१२. कम्पनीको वार्षिक साधारण सभा आफ्नै होटेल परिसरमा आयोजना गर्ने सम्बन्धमा, कार्यकारी अध्यक्षज्यूले कम्पनीका शेयरधनीहरुको संख्या १८,२८५ रहेको र सभामा उपस्थितिको संख्या हलको क्षमता भन्दा बढी भई सबैलाई समेटन नसकेको कारण कम्पनीले साधारण सभा ठुलो क्षमता भएका हलहरुमा गरीरहेको उल्लेख गर्नुभयो । अधिकतम शेयरधनीहरुको सहज पहुँच र व्यवस्थापकीय सहजताका लागि पर्याप्त क्षमता भएको उपयुक्त सभा स्थानको छनोट गर्ने गरिएको छ भन्नुभयो ।

१३. कम्पनीको लोगोमा प्रयोग गरिएको नेपाली अक्षर **"स"** को सम्बन्धमा, उक्त लोगो अन्तर्राष्ट्रिय परामर्शदाताको सहयोगमा व्यावसायिक रूपमा डिजाइन गरिएको हो । होटेलको ब्राण्डिङ्गमा नेपालीपन र मौलिकता झल्काउने उद्देश्यले नेपाली अक्षर **"स"** लाई छनोट गरिएको र यसले विश्वव्यापी बजारमा कम्पनीको छुट्टै पहिचान स्थापित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अन्त्यमा, कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनी महानुभावहरुलाई हार्दिक शुभकामना तथा धन्यवाद दिदैं आफ्नो प्रतिउत्तर क्रम समाप्त गर्नुभयो ।

तदन्तर, सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञाशा र प्रश्नहरुको प्रत्युत्तर दिनुभए पश्चात् सभा समक्ष बाँकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची ४

*(५१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)*

**लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति सम्बन्धी सिफारिशको प्रस्तुती**

५१औं वार्षिक साधारण सभाका सभापतिको अनुमतिले कम्पनीको लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, **श्री रवि भक्त श्रेष्ठज्यू**ले सभा समक्ष कम्पनीको वैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखापरीक्षण समितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

**कार्यकारी अध्यक्ष तथा सभाका सभापतिज्यू, सहकर्मी संचालक समितिका सदस्यज्यूहरु, आदरणीय शेयरधनी महानुभावज्यूहरु, व्यवस्थापन समुहका पदाधिकारीज्यूहरु, कानूनी सल्लाहकार र लेखापरीक्षकज्यूहरु, निर्वाचन अधिकृतज्यू,उपस्थित महिला एवं सज्जनबृन्द,**

कम्पनीको यस ५१औं वार्षिक साधारण सभामा उपस्थिति हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुमा म, लेखापरिक्षण समिती तथा कम्पनीको तर्फबाट यस स्वर्णिम बिहानीमा हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

चालू आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०८२ आश्विन १० गते शुक्रबारका दिन कम्पनीको लेखापरीक्षण समितिको ९४औं बैठकमा विस्तृत छलफल भई कम्पनीको मिति २०८२ कार्तिक ११ गते मंगलबारका दिन बसेको सञ्चालक समितिको २५९औं बैठकमा लेखापरीक्षण सिमितिले सञ्चालक समिति समक्ष प्रतिवेदन समेत पेश गरेको जानकारी गराउँदछु ।

कम्पनीका निवर्तमान वैधानिक लेखापरीक्षक श्री **जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्** काठमाण्डौंको कार्यकाल ५१औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुँदैछ ।

निवर्तमान लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्ले लगातार दुई वर्षको कार्यकाल पुरा गर्नुभएको छ । कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम श्री **जे.बि. राजभण्डारी एण्ड डिबिन्स**, चार्टर्ड एकाउन्टेन्टस्को पुर्ननियुक्ति हुन सक्ने कानुनी व्यावस्था भए अनुसार कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन योग्य रहेको सम्बन्धी जानकारी उहाँहरुले कम्पनीलाई लिखित रुपमा गराउनु भएको समेत सभा समक्ष निवेदन गर्दछु ।

आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल भएको थियो । लेखापरिक्षण समितिले गत वर्षका **वैधानिक लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स,** चार्टर्ड एकाउन्टेन्टस्को कार्यसम्पादन सन्तोषजनक रहेको मूल्यांकन गर्दै श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई नै चालु आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनीको वैधानिक लेखापरीक्षकमा पुनः नियुक्त गर्न शिफारिश गर्ने सर्वसम्मत निर्णय गरेको छ । अतः यस सभा समक्ष आर्थिक वर्ष २०८२/८३ को लागि श्री **जे.बि. राजभण्डारी एण्ड डिबिन्स,** चार्टर्ड एकाउन्टेन्टस्लाई कम्पनीको वैधानिक लेखापरीक्षक र कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई यस सभाबाट पारित गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

साथै, श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल पश्चात् कम्पनीको वैधानिक लेखापरीक्षण तथा कम्पनीका नियामक निकायमा पेश गर्नुपर्ने सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र सो प्रमाणीकरण गर्ने कार्य समेत गर्नको लागि **मुल्य अभिवृद्धि कर बाहेक रु.५,४४,५००** (रुपैयाँ पाँच लाख चवालिस हजार पाँच सय मात्र) **पारिश्रमिक (लेखापरीक्षण शुल्क)** र कम्पनीको चालू आर्थिक वर्ष २०८२/८३ को **आय कर लेखापरीक्षण** गर्नको लागि **मुल्य अभिवृद्धि कर बाहेक रु. १,२१,०००** (रुपैयां एक लाख एक्काइस हजार मात्र) पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) निर्धारण गर्न सिफारिश गरी यस ५१औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम प्रस्तुत चालू आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी यस प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्न, म यस सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ५१औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**